मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : २९२ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ २२ गते आइतबार (Sunday, September 8. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

संघीयताको महत्वपूर्ण सारः मानव बेचबिखन अन्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# विधानमा अब एकरुपता, ३२ समितिको म्याद समाप्त

**काठमाडौं, भदौ २१।** नेपाली कांग्रेसले म्याद समाप्त भएका भ्रातृ र शुभेच्छुक संस्थालाई छ महिनाभित्र महाधिवेशन गर्न निर्देशन दिएसँगै सबै भ्रातृ र शुभेच्छुक संस्थाको विधानमा समेत सैद्धान्तिक विषयमा एकरुपता कायम गर्ने भएको छ ।

यही भदौ १७ गते सम्पन्न पार्टीको केन्द्रीय कार्यसमिति बैठकले अवधि समाप्त भएका भ्रातृ र शुभेच्छुक संस्थाका केन्द्रीय समितिलाई अधिवेशन तयारी समितिमा रुपान्तरण

## कांग्रेसको निर्णय

गरी छ महिनाभित्र महाधिवेशन गर्न निर्देशन दिएको थियो । सो कार्यका लागि पार्टीका केन्द्रीय सदस्य एनपी साउदको संयोजकत्वमा केन्द्रीय सदस्यहरु नवीन्द्रराज जोशी, ईश्वरी न्यौपाने, श्यामकुमार घिमिरे, गोविन्द भट्टराई, गुरुराज घिमिरे र प्रदीप पौडेल सदस्य रहेको समिति गठन गरिएको छ ।

समितिलाई सबै भ्रातृ र शुभेच्छुक संस्थाका विधानको मापदण्ड तयार गरेर सैद्धान्तिक विषयमा एकरुपता कायम हुने गरी दुई हप्ताभित्र प्रतिवेदन तयार गर्न कार्यादेश दिइएको समिति सदस्य न्यौपानेले जानकारी दिए ।

त्यस्तै नयाँ भ्रातृ र शुभेच्छुक संस्थाको रुपमा मान्यता पाउनका लागि पार्टी केन्द्रीय कार्यालयमा आएका निवेदनमाथि छानविन गरी राय पेश गर्ने अर्को जिम्मेवारी

*(बाँकी अन्तिम पृष्ठमा)*

## १२० शिक्षकलाई जरिवाना

**इलाम, भदौ २१।** समयमा नै सम्पत्ति बिबरण नबुझाएको भन्दै इलामका १ सय २० शिक्षकलाई जनही ५ हजारको दरले जरिवानासहित बिबरण बुझाउन शिक्षा बिकास तथा समन्वय इकाई, इलामले ताकेता गरेको छ ।

हरेक आर्थिक बर्ष शुरु भएको ४५ दिनभित्र सबै शिक्षक तथा कर्मचारीहरुले सम्पत्ति बिबरण भरेर अस्थाइ तथा

*(बाँकी अन्तिम पृष्ठमा)*

## नेकपाको २७ विभागका प्रतिनिधिको शपथ

**बिर्तामोड, भदौ २१।** नेपाल कम्युनिष्ट पार्टी(नेकपा) झापाले विभिन्न २७ वटा विभागीय जिम्मेवारी पाएका प्रतिनिधिलाई शपथ ग्रहण गराएको छ ।

नेकपा झापाले शनिवार बिर्तामोडस्थित पार्टी कार्यालयमा बधाई तथा शुभकामना कार्यक्रम आयोजना गरी झापाका २७ वटै विभागीय प्रतिनिधिहरुलाई शपथ ग्रहण गराएको हो । नेकपाका केन्द्रीय सदस्य तथा प्रदेश नं. १ सहइञ्चार्ज तथा कार्यक्रमका प्रमुख अतिथि समेत रहेका नरेश खरेलले शपथ ग्रहण गराएका थिए ।

नेकपा झापा अध्यक्ष चिन्तन पाठकको अध्यक्षतामा भएको कार्यक्रममा झापा जिल्ला इञ्चार्ज रवीन कोइराला, सहइञ्चार्ज देवेन्द्र दाहाल र हरि राजवंशी, नेकपाका नेता झलकसिंह दर्लामी लगायत केन्द्रीय सदस्य, प्रदेशका विभिन्न तहतप्काका प्रतिनिधि र झापा जिल्लाका विभिन्न तहतप्काका प्रतिनिधिको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन नेकपाका नेता प्रेम गिरीले गरेका थिए ।

## 'कानून मिच्दै सरकार'

**बिर्तामोड, भदौ २१।** नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले दुईतिहाई बहुमतसहितको कम्युनिष्ट नेतृत्वको सरकार सम्पूर्ण ऐन, नियम, विधि र कानून मिच्न उद्दत रहेको आरोप लगाएका छन् ।

नेपाली कांग्रेसमा आबद्ध नेपाल चिया बगान श्रमिक संघको प्रथम जिल्ला परिषद् भेलामा प्रमुख अतिथिको आशनबाट बोल्दै पूर्व गृहमन्त्रीसमेत रहेका सिटौलाले मौलिक हकमा ब्यवस्था भएको जनअधिकार कार्यान्वयन गर्न सरकार असफल भएको बताए ।

बहुमतको दम्भमा सरकार अन्धो भएको टिप्पणी गर्दै नेता सिटौलाले सरकारको एकदलीय तानाशाही सोच बदल्न मजदुरहरुले पुनः एकीकृत भएर आन्दोलन गर्नुको विकल्प नभएको

*(बाँकी अन्तिम पृष्ठमा)*





प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**

सम्पर्कः **प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट**
बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)

अब तपाईंहरुको पायक पर्ने शहर बिर्तामोडमा सेक्युरिटी गार्डको तालिम खुल्यो !

निःशुल्क तालिम लिनुहोस् र रोजगारको अवसर प्राप्त गर्नुहोस् ।

स्वदेश तथा विदेशमा Security Guard मा काम गर्न चाहने महिला तथा पुरुष उम्मेदवारहरुको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा एजेन्सीहरुमा काम गरिसकेका अनुभवी सुरक्षाबिज्ञहरुबाट व्यवसायिक सुरक्षा तालिम सञ्चालन भइरहेको छ ।



**सुरक्षा गार्डमा काम गर्न चाहने महिला तथा पुरुषहरुको धमाधम भर्ना लिइँदैछ, आजै सम्पर्क राख्नुहोस् ।**

**उमेरः** २२ वर्षदेखि ४० वर्ष ननाघेको

**योग्यता :** कम्तीमा SEE पास (भूपू प्रहरी, भूपू सेना र म्यादी प्रहरी एवम् सुरक्षा गार्डमा काम गरिसकेकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।)

*साथै भरपर्दो र विश्वासिलो सुरक्षा सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्विसेजलाई सम्झनुहोस् । **तलबः आकर्षक***

सम्पर्क : **सेक्टर वान सेक्युरिटी सर्विसेज एण्ड ट्रेनिंग सोलुसन प्रा.लि.**
बिर्तामोड, झापा (टायमलेस मुभमेन्ट होटेलदेखि तेस्रो घर, पुरानो एल्लो हाउस)
फोनः ९८४४६९८३४०, ९८२३८२२०११, ९८२४९८२२९६

पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा भदौ २४ गते मंगलबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

निशान्त मोटसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)




SAHARA AUTOMOBILES AND COMPANY PVT. LTD.
Birtamode
023-546601, 9801446601

ADVANCED AUTOMOBILES PVT. LTD.

# देशको पहिलो सहकारी बखानलाई सबैभन्दा ठूलो सहकारी सहाराको १० लाख



**बिर्तामोड, भदौ २१।** झापाको बिर्तामोड नगरपालिका-२ चारपानेमा रहेको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले भरतपुर महानगरपलिका-१९ चितवनमा रहेको नेपालकै पहिलो सहकारी संस्था बखान बहुउद्देश्यीय सहकारी संस्थासँग मैत्री सम्बन्ध विस्तार गरेको छ ।

वि.स. २०१३ साल चैत २० गते स्व. बखानसिंह गुरुङले बखान सहकारी संस्था स्थापना गरेका थिए । सो सहकारीले अहिले आफैं तेल उत्पादन गर्दै आएको र तेल उत्पादनलाई थप व्यवस्थित बनाउन सहयोग पुऱ्याउने उद्देश्यले सहारा नेपालले शनिवार आयोजित कार्यक्रमकाबीच दश लाख रुपैयाँ सहयोग गरेको छ ।

दुई सहकारीबीच सम्वन्ध स्थापित गर्दै सहकारीलाई थप व्यवस्थित बनाउन मैत्री सम्बन्ध विस्तार गरिएको र दश लाख रुपैयाँ सहयोग गरेको सहारा नेपाल सहकारी संस्थाका कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीले बताए । सहकारीका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद निरौलाले बखान सहकारी संस्थाका अध्यक्ष रमेशबहादुर गुरुङलाई दश लाख रुपैयाँको चेक हस्तान्तरण गरेका थिए ।

सहारा नेपाल सहकारी संस्थाले प्रदेश नम्वर १मा ६५ वटा सेवा केन्द्रमार्फत एक लाख ४३ हजार ८ सय ५१ सदस्य माझ विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिँदै सहकारीका कार्यकारी निर्देशक गिरीले नेपालकै पहिलो सहकारीसँग मैत्री सम्बन्ध स्थापित गर्न पाउँदा गर्ब लागेको बताए । उनले भने- 'नेपालमा स्वर्गीय बखानबहादुर गुरुङको सहकारी क्षेत्रमा जुन उचाइ छ, उहाँले देखाएको बाटोमा जो हिँडेको छ उसले कहिले पनि दुःख नपाउने र सहकारीकै कारण धेरैले समृद्धि हासिल गरेका छन्, त्यसको सबै देन उहाँमै जान्छ ।'

सहारा नेपाल सहकारी संस्था २०५२ सालमा स्थापना भएपछि प्रदेश नम्वर १का ६ जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाई ऋण बचतको कारोवारसहित विभिन्न सामाजिक कार्य गर्दै आएको कार्यकारी निर्देशक गिरीले बताए । सो समारोहमा बखान सहकारीका अध्यक्ष गुरुङले नेपालकै पहिलो सहकारी संस्था भए पनि आर्थिक हिसाबले बखान सहकारी समृद्ध नभएपनि सहकारीमार्फत धैरैलाई आत्मनिर्भर बनाएको बताए । उनले सहकारीकै अगुवाईमा अहिले तोरी उत्पादनसँगै तेल मिल सञ्चालनमा ल्याएकाले त्यसलाई थप व्यवस्थित गर्न सहाराले गरेको सहयोग खेर जान नदिने प्रतिबद्धता जनाए ।

समारोहमा स्व. बखानसिंह गुरुङका नाति तथा सहकारीका संरक्षक चन्द्रध्वज गुरुङले वहुदल आएपछि बखान सहकारी तहसनहस भएको र अहिले बिस्तारै सुदृढ बन्दै गएको बताए । उनले भने- नेपालकै जेठो सहकारी भएपनि अन्य सहकारीको तुलनामा आर्थिक हिसाबले बखान सहकारी संस्था पछि रहे पनि सहकारी अभियानमा मुलुककै पहिलो भएकाले यसको छुट्टै महत्व छ ।'

कार्यक्रममा बखान सहकारी संस्थाका सदस्य तथा सहकारी संग्राहलयका संयोजक सोम भण्डारीले मुलुकभर ३५ हजारको हाराहारीमा सहकारी रहेको र सहकारीले सबैलाई समृद्धिको बाटोमा लगेको बताए । उनले अहिले बखान सहकारीकै पहलमा चितवनमा नौ करोड रुपैयाँको लागतमा सहकारी संग्राहलय निर्माण भइरहेको बताए ।

कार्यक्रममा बखान सहकारी संस्थाका संरक्षक सल्लाहकार तोयामानसिंह गुरुङ, सहारा नेपाल सहकारी संस्थाकी उपाध्यक्ष पबित्रा सुब्बा, सहायक निर्देशक दिनेश निरौला लगायतले बोलेका थिए ।

# झापामा साझा पार्टीको घोषणा



**बिर्तामोड, भदौ २१।** साझा पार्टीको झापा जिल्ला समितिको संयोजकमा मेदनी प्रसाई चयन भएका छन् । झापाको बिर्तामोडमा शनिबार आयोजित एक कार्यक्रमका बीच केन्द्रीय संयोजक रवीन्द्र मिश्रको उपस्थितिमा प्रसाईको संयोजकत्वमा झापा जिल्ला समिति घोषणा गरिएको हो ।

समितिको उपसंयोजकमा चन्द्र मैनाली, सचिव खगेन्द्र सिलवाल रहेका छन् भने सदस्यहरुमा राजेन्द्र खनाल, प्रशान्त ढकाल, खगेन्द्र मैनाली, खेम अधिकारी, मधु रिजाल, भुपिन कटुवाल, दुर्गा आचार्य, अजित पौडेल, निशा सोनी कर्ण र हरिकुमार कार्की रहेका छन् ।

त्यसैगरी बाह्रदशी र हल्दिबारीको कमिटी पनि घोषणा गरिएको छ । मधु रिजालको संयोजकत्वमा गठित ५ सदस्यीय हल्दिबारी गाउँ कमिटीको सदस्यहरुमा एकराज दाहाल, सुकल किस्कू, घनश्याम अधिकारी र रामचन्द्र मैनाली रहेका छन् ।

भुपिन कटुवालको संयोजकत्वमा घोषित ७ सदस्यीय बाह्रदशी गाउँ कमिटीका सदस्यहरुमा गोविन्द बजगाँई, विकास पौडेल, जीवन ओली, हस्ताली मोहम्मद, जगत भण्डारी र डिल्लीबहादुर थापा रहेका छन् ।

नवगठित समितिलाई बधाई तथा शुभकामना दिँदै साझा पार्टी नेपालका अध्यक्ष रवीन्द्र मिश्रले देश फेरि पनि विकास र समृद्धितर्फ नजाने संकेत देखिएको बताए ।

'दुई तिहाईको सरकारलाई विकास र समृद्धिका लागि के ले रोकेको छ ?' भन्ने प्रश्न गर्दै नेता मिश्रले भने- 'भ्रष्टाचार नियन्त्रणका लागि सरकारलाई के ले रोकेको छ, ठूला माछा समाते साना माछा आफैं टुङ्गो लाग्छन् ।'

जनताले तिरेको करको तलब खाएर निजामति कर्मचारीलाई राजनीति गर्न दिन नहुने बताएका मिश्रले सम्पत्ति विवरणमा केही नदेखाउने नेताहरुलाई विदेशका महंगा अस्पतालमा परिवारसहित गएर उपचार गर्ने पैसा कहाँबाट आउँछ ? खोजी गर्नुपर्ने धारणा राखे ।

तुलसी उप्रेतीले स्वागत गरेको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य भीम अधिकारी, प्रदेश संयोजक अनिल भेट्वाललगायतले बोलेका थिए । नवघोषित जिल्ला संयोजक प्रसाईले प्रतिबद्धता मन्तव्य राखेको कार्यक्रमको सञ्चालन सुरज दंगालले गरेका थिए ।

# करेन्ट लागेर मृत्यु

**बिर्तामोड, भदौ २१।** झापाको बाह्रदशी गाउँपालिकामा शनिवार करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बाह्रदशी-५ पिपल चौक निवासी ४४ वर्षीय पूर्णबहादुर विक रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । प्रहरीका अनुसार घरमा खुकुरी, कोदालो, खुर्पा लगायतका साम्रगी बनाउने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो ।

करेन्ट लागेर गम्भीर घाइते भएका विकलाई तत्काल बिर्तामोडस्थित पूर्ण-टुङ्ग बिर्तासिटी अस्पतालमा उपचारका लागि लगिएकोमा उनको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# भिरबाट ट्रक खस्दा दुईको मृत्यु, दुई घाइते

**बिर्तामोड, भदौ २१।** इलामको रोङ गाउँपालिका-१मा भएको सवारी दुर्घटनामा दुई व्यक्तिको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

रोङ-१स्थित सिरिसेबाट बाँस बोकेको मे१ख २२५६ नम्बरको मिनि ट्रक सूर्योदय नगरपालिका हुँदै झापा आउने क्रममा शान्तिपुरस्थित लट्टेभिरबाट खसेको थियो । शुक्रबार साँझ ७ बजे भएको सवारी दुर्घटनामा चालक झापाको दमक-५का ध्रुब कार्की र सहचालक बुद्धशन्ति-५का रवीन नेपालको मृत्यु भएको इलाम प्रहरीले जनाएको छ ।

नेपालको शव राति नै पोष्टमार्टमका लागि फिक्कल पठाइएको थियो भने कार्कीको शव शनिबार बिहान मात्रै फेला परेको रोङ-१का वडाध्यक्ष बुद्धिबहादुर ढकालले जानकारी दिए । ट्रक भीरबाट खस्नासाथ स्थानीय उद्धारमा जुटेका थिए । घाइते अवस्थामा बुद्धशान्ति-५का नरेश खड्का र रमेश चौहानको उद्धार गरेर राति नै बिर्तामोड स्थित बीएण्डसी हस्पिटलमा उपचार शुरु भएको थियो ।

शन्तिपुरमा भएको यो सवारी दुर्घटना पहिलो भन्दै स्थानीयले दुःख व्यक्त गरेका छन् । यसैबीच शन्तिपुर-झापा एकता समाजले शान्तिपुरमा भएको सवारी दुर्घटनाले सिंगो शान्तिपुर स्तब्ध बनेको जनाएको छ ।

समाजले सडकको स्तरोन्नतिमा ध्यान दिन स्थानीय सरकारको ध्यानाकर्षण गराउने भएको छ । जोखिम मोलेर सवारी सञ्चालन गर्नुपर्ने बाध्यता रहेको भन्दै सवारी सञ्चालन गर्दा बाटोको भौगोलिक अवस्थाको ख्याल गर्न समाजले सबैसंग आग्रह समेत गरेको छ ।

## विधानमा ...

समितिलाई प्रदान गरिएको छ । नेपाल विद्यार्थी संघको विधान भने संरचनागत रुपमा केही फरक हुनेछ । विद्यालय तहदेखि नै साङ्गठिक संरचना हुने भएको नेविसंघ विधान अन्य भ्रातृ संस्थाको तुलनामा केही फरक हुने पार्टीका केन्द्रीय सदस्य न्यौपानेले बताए ।

**११ नयाँ शुभेच्छुक र सात नयाँ भ्रातृ संस्थाका लागि आवेदन**

समितिले नयाँ भ्रातृ र शुभेच्छुकको मान्यता दिने कि नदिने भनेर विधानलगायत कागजातको अध्ययनसमेत गर्नेछ । हाल कांग्रेसमा ११ नयाँ शुभेच्छुक र सात नयाँ भ्रातृ संस्थाको मान्यता पाउनका लागि निवेदन आएको पार्टी कार्यालयका सचिव केशव रिजालले जानकारी दिए ।

नेपाल लोकतान्त्रिक खेलकुद संघ, नेपाल तमु (गुरुङ) संघ, नेपाल लोकतान्त्रिक निर्माण व्यावसायिक संघ, नेपाल थारु संघ, नेपाल थारु संघ (एकै नामका दुई संस्थाबाट आवेदन परेको), नेपाल राष्ट्रिय धिमाल संघ र नेपाल इसाई संघका तर्फबाट नयाँ भ्रातृ संस्थाको मान्यता पाउन आवेदन परेको पार्टी कार्यालयले जनाएको छ ।

त्यस्तै स्थानीय तह कर्मचारी युनियन, भाषा साहित्य संघ नेपाल, नेपाल लोकतान्त्रिक व्यापार संघ, नेपाल लोकतान्त्रिक पर्यटन व्यावसायी संघ, राष्ट्रिय पर्यटन व्यावसायी संघ नेपाल, नेपाल प्रजातान्त्रिक राष्ट्रिय यातायात व्यावसायी संघ, लोकतान्त्रिक होटल व्यावसायी संघ, नेपाल आदिवासी क्षेत्री महासंघ, लोकतान्त्रिक शैक्षिक परामर्श संघ नेपाल, लोकतान्त्रिक सांसद स्वकीय संघ र नेशनल को-अपरेट्र्स एलायन्स नेपालकातर्फबाट नयाँ शुभेच्छुक संस्थाको मान्यता पाउन आवेदन परेको छ ।

हालै पारित कांग्रेस नियमावलीमा सबै भ्रातृ संस्थाका समितिको कार्यवधि तीन वर्ष तोकिएको छ । शुभेच्छुक संस्था भने पार्टीसँगको राजनीतिसँग प्रत्यक्ष नजोडिने भएकाले सैद्धान्तिक विषयमा एकरुपता कायम गर्न कडाइ गरिएको छैन ।

**आठ भ्रातृ र छ शुभेच्छुक संस्थाको म्याद समाप्त**

कांग्रेसमा हाल नेपाल महिला संघ, नेपाल तरूण दल, नेपाल विद्यार्थी संघ, नेपाल किसान संघ, नेपाल दलित संघ, नेपाल भूतपूर्व सैनिक संघ, नेपाल प्रजातन्त्र सेनानी संघ, नेपाल आदिवासी जनजाति संघ, राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ, मुस्लिम संघ नेपाल, नेपाल तामाङ संघ, नेपाल राष्ट्रिय मगर संघ, नेपाल ठाकुर समाज गरी १३ भ्रातृ संस्था छन् ।

त्यसमध्ये नेविसङ्घ, प्रजातन्त्र सेनानी संघ, किसान संघ, दलित संघ, आदिवासी जनजाति संघ, लोकतान्त्रिक अपाङ्ग संघ, तामाङ संघ, ठाकुर समाजको समयमै महाअधिवेशन हुन नसकेर केन्द्रीय समितिको म्याद समाप्त भएको पार्टी कार्यालयका अर्का सचिव प्रेम केसीले जानकारी दिए ।

यसैगरी कांग्रेसका नेपाल ट्रेड युनियन कांग्रेस, नेपाल सांस्कृतिक संघ, नेपाल गैरसरकारी संस्था महासंघ, प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल डेमोक्रेटिक लयर्स एशोसिएसन, नेपाल प्रजातन्त्रवादी इञ्जिनियर्स, प्रजातन्त्रवादी चिकित्सक संघ, नेपाल प्रेस युनियन, नेपाल शिक्षक संघ, नेपाल निजामती कर्मचारी युनियन, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम, प्रशासन व्यवस्थापन र विकास केन्द्र, नेपाल लोकतान्त्रिक शेर्पा संघ, त्रिभुवन विश्वविद्यालय प्रजातन्त्रवादी कर्मचारी संघ, प्रजातान्त्रिक वन प्राविधिक संघ नेपाल, नेपाल कुमाल संघ, लोकतान्त्रिक नेवाःखल र डेमोक्रेटिक एग्रिकल्चरिष्ट एशोसिएशन नेपाल गरी १८ शुभेच्छुक संस्था छन् ।

त्यसमध्ये प्रशासन व्यवस्थापन र विकास केन्द्र, लोकतान्त्रिक शेर्पा संघ, प्रेस युनियन, वन प्राविधिक संघ, कुमाल संघ र नेवाः खल गरी छ शुभेच्छुक संस्थाको केन्द्रीय कार्यसमितिको म्याद समाप्त भइसकेको सचिव केसीले बताए ।

**३५ मध्ये १८ जनसम्पर्क समितिको म्याद समाप्त**

कांग्रेसका हाल अष्ट्रेलिया, बहराइन, बेल्जियम, क्यानाडा, चीन, साइप्रस, डेनमार्क, फिनल्याण्ड, फ्रान्स, जर्मनी, हङकङ, भारत, आयरल्याण्ड, इजरायल, इटाली, जापान, कुवेत, मकाउ, मलेशिया, नेदल्याण्ड, न्यूजिल्याण्ड, नर्वे, ओमान, पोल्याण्ड, पोर्चुगल, कतार, दक्षिण कोरिया, स्पेन, सउदी अरेबिया, स्वीट्जरल्याण्ड, संयुक्त अरब इमिरेट्स, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिकालगायत ३५ मुलुकमा जनसम्पर्क समिति छन् ।

त्यसमध्ये हाल १८ जनसम्पर्क समितिको समयमै महाधिवेशन हुन नसकेर केन्द्रीय समितिको कार्यकाल समाप्त भइसकेको छ । पार्टीको भदौ १७ गतेको बैठकले म्याद समाप्त भएका जनसम्पर्क समितिलाई पनि छ महीनाभित्र महाधिवेशन सम्पन्न गर्न निर्देशन दिने निर्णय गरेको थियो । साथै क्यानाडा, बेल्जियम र अष्ट्रेलियाका जनसम्पर्क समितिमा देखिएको विवादलाई पनि समाधान गरिएको छ ।

## १२० शिक्षकलाई ...

करार कर्मचारीहरुले सम्बन्धित स्थानीय निकाय र स्थायी शिक्षकहरुले शिक्षक किताबखानामा पठाउनुपर्ने भएता पनि गत बर्ष २०७४/०७५मा सम्पति बिबरण नपठाउने स्थायी शिक्षकहरुको नामावली अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त भएको बिबरणसहित शिक्षा बिकास तथा समन्वय इकाई इलामले स्थानीय निकायमा परिपत्र गरेको हो । स्थायी शिक्षकहरुको सबै बिबरण रहने शिक्षक किताबखानाले बिबरण संकलन गरेर अख्तियारमा पठाउने गरेको भए पनि किताबखानाको लापारबाहीको कारण पनि कतिपय शिक्षकहरुलाई जरिवाना तिर्न बाध्य बनाएको बताइएको छ । कतिपय शिक्षकहरुलाई भबिष्यमा समेत दुःख दिने खालको बिबरण भेटिएको पाइएको छ ।

शिक्षकहरुले आफ्नो व्यक्तिगत बिबरण नियुक्ति भएको ९० दिनभित्र किताबखानामा बुझाएर संकेत नं. लिने र बीचमा हुने सरुवा बढुवाको सबै बिबरणहरु सरुवा बढुवा गर्ने निकायले नै किताबखानामा पठाउने र किताबखानाले विवरण अध्याबधिक गर्नुपर्ने भए पनि केही शिक्षकहरुको गलत ठेगाना लेखिएको छ भने कतिपय बर्षौं अघि सेवानिबृत्त भइसकेका शिक्षकहरुको लागि समेत सूचना गरिएको छ ।

एक बर्ष अघि मात्रै सरुवा भएका वा सेवा निबृत्त भएकाहरुका बिबरण आउनु स्वभाबिक भए पनि धेरै बर्ष पहिला नै सेवा छाडेका शिक्षकहरुको बिबरण आउनु र अन्य शिक्षकहरुको तह र ठेगाना गलत कायम गरिँदा बुढेसकालमा पाउने सेवा र सुबिधा लिन समस्या हुने शिक्षकहरुले गुनासो गरेका छन् । सम्पत्ति विवरण पठाउँदा व्यक्तिगत खामबन्दी गरेर बिद्यालयको एकमुष्ठ बनाइ अर्को खाम बन्दीमा पठाउने गरेकोमा एउटै बिद्यालयका शिक्षकहरुको कसैको पुगेको र कसैको नपुगेको बिबरण आएपछि किताबखानाको त्रुटी रहेको आशंका गरिएको छ । नपुगेको भए बिद्यालयको सबै शिक्षकहरुको हुने थियो तर एक जनाको मात्र कसरी पुग्दैन- एक शिक्षकले भने ।

गत बर्ष बिबरण नपुगेका शिक्षकहरुले रु. ५ हजार जरिवाना सो को भौचरसहित पुनः सम्पत्ति विवरण भरेर पठाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालय कर्मचारी प्रशासन तथा सुशासन प्रबर्द्धन शाखामा बिबरण आएकोले सोको जानकारी शिक्षा बिकास तथा समन्वय इकाई इलामबाट स्थानीय निकायहरुलाई गराइएको थियो । यस बर्ष पनि बिबरण पठाइएका शिक्षकहरुलाई एसएमएसमार्फत जानकारी दिने सूचना गरिए पनि हालसम्म जानकारी नआएको शिक्षकहरुको भनाइ रहेको छ ।

## कानून ...

धारणा राखे ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति राम कट्टेल, ट्रेड युनियन कांग्रेसका नेताहरु नारायणबाबु कार्की, महेन्द्रप्रसाद यादव, उर्मिला पोखरेल, देउकुमार थेवे, यज्ञप्रताप अधिकारी लगायतले शुभकामना मन्तब्य राख्दै मजदुरको सूचीकरण र श्रम ऐनमा तोकिएको ज्याला कार्यान्वयन नभए आन्दोलनमा जानुको विकल्प नभएको धारणा राखेका थिए ।

कार्यक्रममा चिया क्षेत्रका समस्या सञ्चारमाध्यममार्फत उठाउन महत्वपूर्ण भूमिका खेलेको भन्दै कान्तिपुर दैनिकका झापा संवाददाता अर्जुन राजवंशीलाई सम्मान गरिएको थियो । सम्मानित राजवंशीलाई प्रमुख अतिथि सिटौलाले सम्मान पत्र र दोसल्ला ओढाएर सम्मान गरेका थिए । नेपाल चिया बगान श्रमिक संघका केन्द्रीय अध्यक्ष दीपक तामाङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मणि भुजेल र सञ्चालन मिलन राईले गरेका थिए ।

परिषद् भेलामा संघका महासचिव जीवन खड्काले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्दै श्रम ऐन अनुसार न्यूनतम् ज्याला कार्यान्वयन नभएका चिया बगानहरुमा ज्याला कार्यान्वयन गर्न, महंगी, भ्रष्टाचार, कालोबजारी रोकेर रोजगारीको सिर्जना गर्न तथा श्रमिकलाई पान नम्बर लिनैपर्ने बाध्यकारी नियम कार्यान्वयन नगर्न सरकारसँग माग गरिएको छ ।


**सस्तोमा भिटा विक्रीमा**

बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ ।
**२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।**
**लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम ।**
**अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)**
**उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।**
**तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।**
**मो. ९८२३७२६९७९**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यवसायिक बिदाको रुपमा प्रत्येक हप्ताको सोमबार बिर्तामोड बजार बन्द हुँदै आएकोमा नेपालीहरुको महान चाड बिजयादशमी, दीपावली, छठ तथा मोहरम् पर्वलाई मध्यनजर गरी यही मिति २०७६ साल भाद्र २२ गतेदेखि कात्तिक ११ गतेसम्म बिर्तामोड बजार क्षेत्रका व्यापार/व्यवसाय सोमबार समेत खुल्ला गरी सञ्चालन गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।**

**भेषराज भण्डारी** — महासचिव
**कुमार भट्टराई** — अध्यक्ष

**बिर्तामोड उद्योग वाणिज्य संघ**
**बिर्तामोड झापा**

**कर्मचारी तु-आवश्यकता**

**झापाको अर्जुनधारा-७मा सञ्चालन हुन लागेको लंका रिसोर्टका लागि निम्न अनुसारका कर्मचारीहरु आवश्यक परेको हुँदा इच्छुक तथा अनुभवी व्यक्तिले यही भदौ २४ गतेसम्ममा तु-सम्पर्क गर्नुहोला ।**

**सेफः** १ जना — **कुकः** २ जना
**कुक हेल्परः** २ जना — **बार टेण्डरः** १ जना
**वेटरः** ३ जना — **वेट्रेसः** ३ जना
**म्यानेजरः** १ जना — **क्यामेरा पर्सनः** १ जना
तलबः आपसी समझदारीमा । ***सम्पर्कः*** ९८५२६७२६०२/९८१६०३४०५२



**लंका रिसोर्ट, अर्जुनधारा-७, झापा**

**कर्मचारी आवश्यकता**

**प्रथमपटक प्रकाशित २०७६/०५/२०**

यस संस्थाका लागि तपशिल बमोजिमका कर्मचारीको आवश्यकता भएकोले यो सूचना अन्तिम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र इच्छुक नेपाली नागरिकबाट निवेदन आव्हान गरिन्छ । सूचना तहल्का खबर डटकम र साझामञ्च डटकममा पनि प्रकाशित छ ।

**१) पद : बजार व्यवस्थापक** संख्या : केही,
योग्यता : व्यवस्थापनमा स्नातक गरेको (बिल्कुलै नयाँलाई प्राथमिकता )
**२) पद : संकलक** संख्या : केही
**संकलन गर्नुपर्ने क्षेत्र** :
१) देउनियादेखि गरामनी बजार २) गरामनीबजारदेखि बिर्तामोड ३) चैतुबारीदेखि बिर्ताबजार ४) चारपानेदेखि बितामोड ५) गोलधाप शिविर, बुट्टाबारी हुँदै बिर्तामोड ६) सैनिक बजारदेखि सैनिकमोड ७) क्यानरी स्कुल हल्दिबारीदेखि नडियाबारी चोक ८) बितामोड वार्ड नं. १ ९) बिर्तामोड वार्ड नं. ५ १०) बितामोड वार्ड नं. ४ क्षेत्र ।
**३) पद : सम्पर्क व्यक्ति** संख्या : केही
कार्यक्षेत्र : संकलक पुग्न नसकेका स्थानहरु
**४) आवश्यक कागजात :**
शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, लाइसेन्सको प्रतिलिपि (बजार व्यवस्थापकको हकमा, अन्यको हकमा पनि लाइसेन्स भएकालाई प्राथमिकता), सम्बन्धित स्थानमा कम्तीमा ३ वर्ष स्थायी बसोबासको प्रमाण, गर्नुपर्ने कामको हस्तलिखित योजना, २ प्रति फोटो र बायोडाटा, जमानी दिने अविभावक ।
**५) पारिश्रमिक (बजार व्यवस्थापक :** रु १५०००/- (आधारभूत, कार्यक्षमताको आधारमा थप हुने )
ख) संकलक : संस्थाको नियम अनुसार (तलब + कमिशन )
ग) सम्पर्क व्यक्ति : संस्थाको नियम अनुसार ।
**६) अन्तरवार्ता** : निवेदन दिने अन्तिम मितिको ३ दिनभित्र जानकारी गराइनेछ ।
**७) निवेदन शुल्क :** क) बजार व्यवस्थापक ३०० ख) बजार प्रतिनीधि र सम्पर्कव्यक्ति रु. २०० ।

**जयनेपाल बचत तथा ऋण सहकारी संस्था लि.**
**हालको नेपाल बैंक पूर्वको घर, बितामोड-५, झापा**
**फोन ०२३-५४३३९९, ९८४२७९६७९७**

**हनोट : फोनबाट संस्थाको ठेगाना बाहेक अन्य जानकारी दिइने छैन । आर्थिक अवस्था न्यून भएकालाई प्राथमिकता ।**

**फ्याक्ट्री बिक्रीमा**

**कनकाई कलेज अगाडि चालू अवस्थामा रहेको होटल तथा मःमः फ्याक्ट्री बिक्रीमा तु-सम्पर्क गर्नुहोला ।**
**सम्पर्कः ९८५२६८८५८५**
**९८२४९७३५८५ (सुसन रिजाल)**

**होटल बिक्रीमा**

बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) बिक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
मूल्यः धरौटीसहित रु. ५ लाख मात्र ।
सम्पर्कः ९८१४९६५८२०/ ९८१५९८७५३९/ ९८१६९८१०१७

**कर्मचारी आवश्यकता**

१) पञ्चकन्या हुँदै बाल्मीकि, मुक्तिचोक, कृषिथोक, शनिश्चरेरोड, मातामन्दिर, पुष्पलाल चोकसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला । (**तलबः ७०००+ बोनस गरेर १०,०००/-सम्म बचाउन आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ ।) काम गर्ने समय बिहान ९ बजेसम्म ।**

२) लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालीमुडा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला । **तलबः ५०००+बोनस् गरेर ८,००० सम्म बचाउने, आफ्नै साइकल भएको हुनुपर्नेछ ।**
नोटः ५ लाख बराबरको दुर्घटना बीमा गरिनेछ ।
**मो. ९८०१४०४०००, ९८१६६४१५७६**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसिसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# विषयको गाम्भीर्य बुझ

भारत पश्चिम बंगालको शिलगढीदेखि काठमाडौंसम्म सिधा बस सेवा सञ्चालन भएको छ । भर्खरै शुरु भएको यो सेवाका कारण भारतको दार्जीलिङ, सिक्किम लगायतका सीमावर्ती क्षेत्रका बासिन्दालाई काठमाडौं जान–आउन सहज भएको छ । भाषिक, सांस्कृतिक, धार्मिक तथा व्यावहारिक निकटताले नेपालीहरु भारत जान र भारतीयहरु नेपाल आउन सक्छन् । दुई देशबीच सन् १९५० मा भएको सन्धिले पनि यी दुई देशका नागरिकलाई आवागमनमा अरु कानूनी वा वैधानिक झन्झट व्यहोर्नु पर्दैन । यसकारण पनि भर्खरै सेवा प्रारम्भ गरेको सिधा बस सेवाले सीमाक्षेत्रका मात्र होइन बागडोग्रा विमानस्थल हुँदै नेपाल प्रवेश गर्ने पर्यटकहरुका लागि समेत सुविधा र सहुलियत भएको हुनुपर्छ ।

भारतीय बसले दिने यो सेवाका कारण भारतीय पर्यटकहरुले अब काठमाडौं जानकै लागि काँकरभिट्टा आउनुपर्ने बाध्यता हटेको छ। जसका कारण भारतीय यात्रुहरुलाई लक्षित गर्दै लाखौं रुपैयाँ ऋण लिएर काँकरभिट्टा–काठमाडौं बस तथा माइक्रोबस सेवा सञ्चालन गरिरहेका व्यवसायीहरुको पेशामाथि भने संकट उत्पन्न भएको छ । त्यसैगरी भारतीय पर्यटकलाई लक्ष्य बनाएर स्थापित होटेल, ट्राभल एजेन्सी तथा व्यवसायीहरुको पेशा–व्यवसाय पनि संकटमा परेको छ । यसले सीमान्त बजार काँकरभिट्टाको गतिविधि सुस्त हुने, समस्त पूर्वी–क्षेत्रमा नकारात्मक असर पर्ने र आर्थिक क्रियाकलाप ठप्प हुने भन्दै स्थानीय व्यवसायीहरु यसको विरोधमा उत्रिएका छन् ।

नेपाल–भारतमैत्री यातायात सञ्चालनका लागि दुई देशबीच भएको सम्झौतामा नेपाल र भारतका पर्यटकीय, धार्मिक तथा ऐतिहासिक महत्व बोकेका शहरबीच सिधा बस सेवा सञ्चालन गर्ने सहमति भएको थियो । त्यही सहमतिलाई टेकेर नयाँ सेवा शुरु भएको बताइन्छ । तर, यसले नकारात्मक असर मात्र दिने भन्दै स्थानीय व्यवसायीले काँकरभिट्टा बचाऊ सरोकार समिति गठन गरेर काँकरभिट्टामा विरोध प्रदर्शन गरेका छन् । शिलगढी न धार्मिक, न पर्यटकीय न त ऐतिहासिक महत्व बोकेको शहर हो भन्दै प्रदर्शनकारीले दुई देशबीचको सहमतिको अपब्याख्या गरेको आरोप समेत लगाएका छन् ।

स्वतन्त्रपूर्वक आवागमन गर्न पाउनु नागरिकको जन्मसिद्ध अधिकार हो । त्यसलाई कुनै नाम वा बहानामा अवरोध गर्न पाइँदैन । तर, गैरनेपालीलाई त्यही कुरा अधिकार हुन सक्दैन । अनि पनि यी दुई देशबीच विगतमा भएको सम्झौता अनुसार स्वतन्त्र आवागमन गर्ने छुट छ । तर, नेपाली सवारीहरु भने भारतमा निर्वाध र स्वतन्त्र प्रवेश गर्न पाउँदैनन् जसरी भारतीय सवारी नेपाली भूमिमा जसरी प्रवेश गर्न, बस्न र घुमफिर गर्न पाउँछन् । सहमति दुबै पक्षका लागि समान अवसरका लागि हुनुपर्ने हो । अहिले काँकरभिट्टाका व्यवसायी आन्दोलित छन्– सिधा बस सेवा सञ्चालनको विरोधमा । त्यस्तो सेवाले पार्न सक्ने नकारात्मक असरलाई सहमति गर्ने पक्षले बेलैमा आँकलन गर्नुपथ्र्यो । कि नेपाली बस तथा अन्य सवारीहरुले पनि भारत प्रवेशको निर्वाध अनुमति पाउनुपर्छ । अन्यथा यो सानो झिल्कोका रुपमा प्रकट भएको विरोध र विद्रोह सरकारको टाउको दुखाइको विषय हुनसक्छ, सम्बद्ध पक्षलाई चेतना होस् ।

# नेतृत्वको उदय: विकास र परिवर्तन


जय तिम्सिना

**१. विकास र परिवर्तनको अवधारणामा नेतृत्वको उदय :**

विकास भनेको सकारात्मक परिवर्तन हो, आर्थिक वृद्धिसहितको आर्थिक र मानव विकास हो। निरन्तर प्रगति र उन्नतीको परिणाम हो विकास। विकासको समग्र प्रतिफलबाट लाभ लिइएको अवस्था जहाँ नागरिकहरुमा गुण्स्तरीय जीवन रहेको हुन्छ, प्रशस्त स्रोत र अधिकार हुन्छ, सामाजिक सम्मान हुन्छ, खुशी र स्वस्थ्य रहेको हुन्छ। व्यक्ति, समाज, समुदाय र संगठनको क्षमता, चेतना र धारणामा सकरात्मक रुपान्तरणको अवस्था नै परिवर्तन हो। सामाजिक, आर्थिक, वातावरणीय तथा आध्यात्मिक दृष्टिकोणमा विकास हुनुको अर्थ फरक-फरक हुने गर्दछ। बिकासलाई समृद्धिको अवधारणामा बुझ्दा खुशी हुनु, प्रशस्त धन-सम्पत्ति हुनु वा आफू वरिपरीको वातावरण स्वस्थ्य, सफा र सुरक्षित हुनु, सम्मान र सहयोगको भावना हुनु, सामाजिक न्यायको प्रत्याभूति हुनुलाई बुझ्न सकिन्छ।

समृद्धिले दिगोरुपमा शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण, यातायात, सञ्चार आदिमा नागरिकहरुको पहुँच र उपयोगलाई इंगित गर्दछ। स्वतन्त्रपूर्वक खुल्ला हृदयले व्यापार गर्न सकिने, राजनीतिमा भाग लिन सकिने, आफ्ना कुरा राख्न सकिने वातावरण नै समृद्धि हो। समृद्धि भनेको आशा, भरोसा तथा विश्वासको माध्यम हो, आफूलाई सर्वश्रेष्ठ बनाउन सकिने अनुकूलता हो। त्यसैगरी रोजगारीको प्रशस्त अवसर रहेको, नवीन आविस्कारमा लाग्ने वातावरण भएको अवस्था समृद्धि हो। यो भोग, रोग र द्वन्द्वबाट मुक्त भएको अवस्था हो।

समृद्धि हुनलाई नवीन आविस्कार (इनोभेसन) र नवीन प्रवर्तन, वैज्ञानिक सोचको विकास आवश्यक छ। नवीन प्रवर्तन केवल यन्त्र वा उपकरण मात्र होइन। हाम्रा विचार, काम, सोच र व्यवहारमा देखिनु पर्दछ। देश समृद्धि हुन पर्याप्त मानवीय तथा भौतिक पूँजी हुन आवश्यक छ। यसको समुचित परिचालनको लागि उपयुक्त संस्थाहरुको स्थापनाको लागि प्राविधिक ज्ञानको सृजना गर्न सकिन्छ। यसैगरी सुशिक्षित वा तालिम प्राप्त व्यक्तिहरुबाट प्रविधिहरुको पहिचान तथा खोज गरी प्रयोग गर्ने विधिलाई संस्थागत गर्नुपर्दछ। यी सबै कुराहरुलाई संस्थागत गर्ने, नियमन गर्ने तथा प्रभावकारी कार्यान्वियनका लागि भिजिनरी नेतृत्वको आवश्यकता अनिवार्य छ। समृद्धिलाई केवल आर्थिक रुपमा मात्र नहेरी व्यक्तिको समग्र विकासको सन्दर्भमा हेरिनु पर्दछ। कतिपयले विश्व खुशी सूचकांकमा राम्रो मानिने देशलाई समृद्ध देश हुन् भन्ने गरेको पाइन्छ।

वर्ल्ड ह्याप्पिनेश रेकर्ड २०१८ अनुसार नेपाल १०१औं स्थानमा छ। १५६ देशमा गरिएको यस अध्ययन अनुसार भारत हामीभन्दा निकै पछि १३३औं स्थानमा छ। खुशीका निम्ति सबैले नमूनाका रुपमा लिने भुटान नेपालभन्दा चार स्थान माथि ९७औं स्थानमा छ। केही देशहरुले धेरै छिटो विकास गरेको उदाहरणहरु पनि हामीसामु छन्। दोस्रो विश्वयुद्ध पछि जापान र जर्मनीले अचम्म किसिमले विकास गरे, जसको बृद्धि अमेरिकाको भन्दा उच्च थियो। विश्वयुद्धमा ध्वस्त भएका यी देशहरुको अवस्था नेपालमा भएको १० वर्षे जनयुद्ध र त्यसपछि १० वर्षे संक्रमणकालीन अवस्थासँग तुलना गर्न मिल्छ। के हामी पनि यस्तै विकासको गति बढाउन सक्छौं ? यदि यस्तै विकास बढाउने हो भने अब युवामा नेतृत्वसीपको बिकास हुनुपर्दछ अर्थात् नयाँ नेतृत्व उदाउनै पर्दछ।

**२. नेतृत्वको अवधारणा :**

कुनै खास दिशातर्फ उन्मुख गराउन वा लक्ष्य प्राप्तिको लागि अरुको व्यवहारमा प्रभाव पार्ने क्षमतालाई नेतृत्व भनिन्छ। नेतृत्व प्रदान गर्ने व्यक्तिलाई नेता भनिन्छ। नेता हुनलाई नेताहरुको पछाडि अनुयायीहरु हुनुपर्दछ। अनुयायीहरुको विश्वासमा नेताको चयन हुन्छ। तर, नेता चयन गर्दैमा नेताले नेतृत्व प्रदान गरेको मानिँदैन। नेताले नेतृत्व तबमात्र प्रदान गरेको मानिन्छ जब उसले निर्दिष्ट गरेको लक्ष्य वा दिशातर्फ अनुयायीहरु उन्मुख भई उसको पछि लाग्ने गर्दछन्।

प्रभावकारी नेतृत्वका लागि नेताहरुको फरक-फरक सोचाई हुन सक्दछ। कसैले समस्या सोचाई विधिबाट सोच्दछ भने कसैले रणनीतिक सोचाईबाट सोच्दछ भने कसैले एकीकृत सोचाई विधिबाट सोच्दछ। यी हाम्रा फरक-फरक सोचका विधिबाट फरक-फरक अवसरमा प्रयोग गरी नयाँ विचारको सूत्रपात गर्न सक्नु पर्दछ।

**३. नेतृत्वको अग्रसरताका लागि आवश्यक पर्ने तत्वहरु :**

- हरेक चिज, वस्तु तथा परिवेशलाई स्क्यान गर्न सक्नु पर्दछ । सो स्क्यानिङबाट वस्तु स्थितिको पूर्णतः ज्ञान र जानकारी प्राप्त गर्न सकिन्छ। त्यहाँबाट प्राप्त जानकारी/सूचनामा आाधारित भई के गर्ने भन्ने विषयमा अर्जुनदृष्टि बनाउनु पर्दछ। अथवा फोक्सिङ रहनु पर्दछ।
- हामीले फोक्सिङ गरेको वा अर्जुनदृष्टि लगाएको विषय वा उद्देश्यलाई कार्यान्वयन गर्न सम्बन्धित सरोकारवालाहरुलाई संलग्न गराउने र परिचालन गर्ने क्षमता हुनुपर्दछ र आफू स्वयम् मोडेलको रुपमा अगाडि बढी आफ्ना सबै अनुयायीहरु तथा संलग्न भएका सरोकारवालाहरुलाई अभिप्रेरित गर्ने गरी अगाडि बढ्नु पर्दछ। प्रभावकारी नेतृत्वका लागि दुरदृष्टिता चाहिन्छ।
- समझदारी, जिम्मेदारी, इमान्दारी र वफादारी नेतृत्वका सूत्र हुन्। असल नेतामा उपयुक्त समयमा उचित निर्णय गर्ने सक्ने, जनता प्रति जवाफदेही हुने, पारदर्शिता, आदर्श जीवनशैली र चरित्रवान्, कुशल संगठनकर्ता, अनुयायीहरुलाई उत्प्रेरित गर्ने, गतिशिलता, मृदुभाषी, सहयोगी र सहजीकरण गर्न सक्ने, स्पष्टवक्ता, उद्यमशिलता र प्रभावकारी समन्वय र मध्यस्थता गर्न सक्ने गुण र क्षमता हुनुपर्दछ।



**४. नेतृत्व उदयका रणनीतिहरु**

- देशभित्र नै प्रयाप्त रोजगारीहरु सृजना गरी युवाको वैदेशिक पलायनतालाई निरुत्साहित गर्ने।
- प्राविधिक शिक्षा, उत्पादनमुखी शिक्षा र व्यवहारवादी शिक्षामा जोड दिई उद्यमशिलताको विकास गर्ने।
- विधार्थीहरुलाई माध्यमिक तहदेखि नै समूह तथा संगठन सञ्चालन, समूह गतिशिलता, नेतृत्वसीपका विविध विषयहरुमा व्यवहारिक शिक्षा प्रदान गर्ने।
- विद्यालयहरुमा नैतिक, आध्यात्मिक, कानूनी र सामाजिक सचेतना सम्बन्धी प्रशिक्षणहरु सञ्चालन गर्ने।
- बालमैत्री समुदायहरु निर्माण गर्ने र बालक्लवहरु गठन तथा सञ्चालन गर्ने।
- किशोर-किशोरी तथा युवा विकास सम्बन्धी गतिविधिहरु सञ्चालन गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार सभा तथा सम्मेलनहरुमा भाग लिने। तथा राष्ट्रिय अन्तर्राष्ट्रिय सामाजिक संघ-संस्थाहरुको सदस्यता लिने।
- भाषणकला, उद्घोषणकला, सहजीकरण सीप, मध्यस्थ्यता सीप तथा जीवन उपयोगी सीपहरु जस्ता क्षमता विकासका कार्यक्रमहरुमा सहभागी हुने।
- सानैदेखि सामाजिक क्रियाकलापहरुमा सहभागी हुने, सहयोग र सहकार्य गर्ने बानीको विकास गर्ने।
- देशको भूराजनीतिक अवस्थाको विश्लेषण गर्ने, विचार विमर्श गर्ने। राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीतिक अवस्थाबारे अध्ययन गर्ने।
- राजनीतिक दलहरुको दस्तावेजहरु, घोषणा पत्रहरु, नीतिहरुबारे अध्ययन र विश्लेषण गर्ने।
- सूचना प्रविधीमैत्री, सामाजिक सञ्जालमैत्री र मिडियामैत्री भई सकारात्मक र सृजनात्मक विचारहरु सम्प्रेषण गर्ने।
- सामाजिक न्याय र मानव अधिकारको वारेमा पैरवी गर्ने।
- युवा, महिला, आदिवासी, जनजाति, दलित, मधेशी, अपाङ्गता भएकालाई सामाजिक जिम्मेवारीहरुमा समानुपातिकरुपमा प्रतिनिधित्व हुने व्यवस्थालाई सुनिश्चित गर्ने।

**५. नेतृत्वको उदयका लागि गर्नुपर्ने केही कार्यभारहरुः**

- अत्याधुनिक सूचना प्रविधि तथा इन्टरनेट मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचनाको आदान-प्रदान गर्ने।
- युवा सञ्जालमा आफ्नो पहुँच बढाई युवालाई देश विकासमा संलग्न गराउने वातावरणको विकास गर्ने।
- एक युवा एक सृजनाको माध्यमबाट युवालाई नयाँ कुराको आविस्कार र विकास गर्न अभिप्रेरित गर्ने तथा सोको प्रभावकारी रुपमा प्रचार-प्रसार गर्ने।
- केही नयाँ काममा खोज गर्न चाहनेलाई अभिप्रेरित गर्ने, त्यस्तो वातावरण मिलाई दिने, कुनै कानूनले सो गर्न नदिए सोको विश्लेषण गरी कानूनको दायरा समेत बढाउन लविङ्ग गर्ने।

- परनिर्भरता हटाउन सानै कुरा नै किन नहोस् यदि कसैले केही गर्दछ भने त्यसलाई प्रोत्साहन गर्ने र आत्मनिर्भर हुन सहयोग पुऱ्याउने।
- विज्ञान तथा प्रविधिलाई गाउँ तथा टोलको तल्लोस्तरसम्म पुऱ्याउने, यसलाई इनोभेसनसँग जोड्ने, सबैमा वैज्ञानिक सोचको विकास हुनुपर्ने कुरामा जोड दिने।
- हरेक व्यक्तिलाई अत्यन्तै क्षमतावान र श्रृजनशील बनाउने, सबैले आफ्नो मस्तिष्कको उच्चतम् प्रयोग गर्न सक्ने वातावरणको श्रृजना गर्ने।
- समाजका हरेक तह र स्तरमा नेतृत्व तथा व्यवस्थापनमा अभ्यस्त व्यक्तिहरुको सहयोगमा सामाजिक रुपान्तरण कार्यलाई अगाडि बढाउने।
- गरिबीविरुद्ध लड्न सक्ने सर्वाङ्गिण सोच भएका समूहहरुको विकास गर्ने।
- कृषि/वातावरणीय पर्यटनलाई प्रश्रय दिँदै कृषि तथा पर्यटनको अभिवृद्धि गर्ने कार्यमा ध्यान दिने।
- स्थानीयस्तरमा आवश्यक पर्ने सबै वस्तुहरु यथासम्भव स्थानीयस्तरमा नै उत्पादन गर्ने अनुकूलता श्रृजना गर्ने। स्थानीयस्तरमा उपलब्ध स्रोतहरुमा आधारित साना-ठूला उद्योगहरु स्थापना गरी स्थानीय आपूर्ति-पूर्ति गर्दै स्थानीयस्तरमा नै रोजगारी श्रृजना गर्ने, सबैलाई व्यवसायिक हुन प्रेरित गर्ने।
- गाउँ-गाउँ, शहर-शहरबीच स्वस्थ्य प्रतिष्पर्धा गर्ने वातावरणको श्रृजना गर्ने, पर्यटक, आविस्कारक, लगानीकर्ता आदिलाई आकर्षण गर्ने उपाय खोज्ने।
- आफ्नो क्षेत्रको समृद्धिको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्भावना तथा सहयोगको खोजीलाई तिव्रता दिने, वन वनस्पति जोगाएर वा कार्वन सञ्चित गरेर आउन सक्ने बाहिरी सहयोगको प्राप्तिमा जोड दिने।
- प्रांगारिक खेती प्रणालीमा जोड दिने, रसायनिक मल र विषादीको प्रयोगलाई न्यूनीकरण गर्न प्रतिवद्ध हुने।
- स्थानीय स्तरमा नै प्राणी तथा वानस्पातिक, विज्ञान पार्क आदिको व्यवस्था गरी सानो उमेरदेखि नै सबैलाई जिज्ञासु हुन प्रेरित गर्ने।

**६. नेतृत्वको उदयको लागि देखिएका केही चुनौतिहरु**

- दक्ष र शिक्षित युवाको वैदेशिक पलायन रोक्न नसक्नु।
- युवामा वैज्ञानिक र रणनीतिक सोचको प्रवद्धन गर्न नसक्नु।
- उद्यमशिलताको अभाव र वेरोजगारीको संख्यामा बढोत्तरीको अवस्था विधमान रहनु।
- अझैसम्म पुराना पुस्ताको हालिमुहाली चल्नु र नयाँ पिढीप्रति विश्वस्त हुन नसक्नु।
- राजनीतिक परिवर्तनलाई सुशासन र समृद्धिसँग जोड्न नसक्नु।
- नयाँ प्रविधि, आविस्कार र सृजनाका लागि युवामा जागरुकता ल्याउन नसक्नु।
- राजनीतिक दलहरुको आन्तरिक संरचनाहरुमा लोकतन्त्रीय पद्धती, कार्यविभाजन, जिम्मेवारीका पक्षहरु कमजोर हुनु।
- जनजागरण, समाज परिचालन र समावेशिकरणका मुद्दाहरुलाई राजनीतिक दलहरुले बेवस्ता गर्नु।
- सकारात्मक र सहभागितामूलक नेतृत्वशैलीलाई नजरअन्दाज गर्ने प्रवृतिमा वृद्धि हुनु।
- जातीय, धार्मिक र साम्प्रादायिक मुद्दाहरुमा नेतृत्व रुमलिनु।
- नेतृत्व विकासका लागि आवश्यक शिक्षा, प्रशिक्षण, तालिम तथा अवसरहरु अप्रयाप्त हुनु ।
- सहभागितामूलक तथा लोकतान्त्रिक नेतृत्वको चयनभन्दा चमत्कारिक नेतृत्वको अपेक्षा (देवत्वकरण गर्ने) प्रवृत्ति अभिवृद्धि हुनु।
- आफ्नो पेशा र सेवा कसरी गुणस्तरीय बनाउनेभन्दा अर्काको पेशा र सेवाको नकरात्मक आलोचनामा समय खर्चिनु।
- सामाजिक सञ्जाल र मिडियाहरुको दुरुपयोगमा अभिवृद्धि हुनु।
- राजनीतिप्रति नकरात्मकता बढ्दै जानु ।

**६) निष्कर्ष**

नेतृत्वसँग विषयवस्तु र परिस्थितिको स्क्यानिङ गर्ने, लक्ष्य र उद्देश्यमा फोकस हुने, लक्ष्य र उद्देश्य कार्यान्वयन गर्न सबैलाई परिचालन गर्ने र सोका लागि नेतृत्व स्वयम् आदर्शको रुपमा अगाडि बढ्ने सीप, व्यवहार, प्रवृत्ति र प्रशंसायुक्त दृष्टिकोणको विकास गर्नुपर्दछ। सकारात्मक सोचबाट मात्रै शतप्रतिशत कार्य (एक्सन) गर्न सकिन्छ र शतप्रतिशत कार्यबाट मात्र शतप्रतिशत परिणाम ( रिजल्ट) प्राप्त गर्न सकिन्छ। कुनै पनि नेतृत्वको विलिफ, विहेवियर र विजनेश समानुभूतिपूर्ण रुपबाट अगाडि बढ्यो भने मात्र प्रभावकारी नेतृत्व स्थापित हुन सक्दछ।

अल्बर्ट आईन्स्टाईन्सले भनेका छन्- जुन दिमागले समस्या श्रृजना गऱ्यो त्यही दिमागले समस्या समाधान गर्न सक्दैन। हामी हरेक व्यक्तिमा कुनै न कुनै काम गर्ने अदम्य साहस हुन्छ, यसलाई हामीले चिनेर आफूमा भएको अथाह शक्तिलाई बाहिर निकाली त्यसको प्रयोग गर्न सकियो भने हामीमा नेतृत्वको उदय हुन सक्दछ।

देशको समृद्धि र विकासका लागि युवाले आ-आफ्नो स्थानबाट स्वअभिप्रेरित भई आ-आफ्नो पेशा, संगठन र समुदायमा नयाँ नेतृत्वको लागि तयार हुनुपर्दछ। युवा नेतृत्वका लागि हामी सबै तत्पर र क्रियाशील हौं।

*(तिम्सिना भद्रपुर जेसीजका पूर्व अध्यक्ष हुन् ।)*
*भद्रपुर जेसीजको आतिथ्यमा भएको क्षेत्र (क) सम्मेलनको थिम सेमिनारमा प्रस्तुत गरिएको कार्यपत्र।*

# नेपाली कांग्रेसमा गठन छ, संगठन छैन


ओम आचार्य

नेपाली कांग्रेस अहिले यस्तो मोडमा उभिएको छ, यस्तो चौबाटोमा खडा छ, आफ्नो गन्तव्य हराएको, अलमलिएको र द्विविधामा भएको प्रतित हुन्छ। एकातिर संस्थापन पक्ष छ त्यही संस्थापन पक्ष कै बहुमतको संसदीय दलमा नेता छ र प्रतिपक्षको सशक्त र प्रभावकारी भूमिकाको अपेक्षा पार्टीबाटै राखेका छन्। अर्कोतर्फ रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह लगायतका नेताहरुले संस्थापन पक्षको विरुद्धमा मोर्चाबन्दी गर्दैछन्। यस्तो अवस्थामा संस्थापन पक्षले आफ्नै पार्टीविरुद्धबाट भएको मोर्चाबन्दीको प्रतिरक्षामा उभिनु परेको छ भने अर्कोतर्फ संसदमा प्रतिपक्षको भूमिका निर्वाह गर्नुपरेको छ।

संस्थापन पक्षले मौजुदा अवस्थामा संसदमा सशक्त प्रतिपक्षको भूमिकामा केन्द्रित भइरहँदा आफ्नै पार्टीका सहयात्रीबाट भएको मोर्चाबन्दी र आक्रमणले पार्टी नै कमजोर, जीर्ण र जर्जर हुने अवस्था सृर्जित हुनसक्छ। यस्तो अवस्थामा प्रतिपक्षमा ध्यान केन्द्रित नहुने र कमजोर प्रस्तुतिले सरकारलाई फाइदा पुगेको कुरा प्रधानमन्त्रीले पनि प्रतिपक्षलाई सहयात्री दलकै विशेषण दिएको टिप्पणी समेत गर्दा यो व्यंग्य संस्थापन इतरपक्षले समग्र कांग्रेसलाई व्यंग्य हो भनी बुझ्नु पर्दथ्यो।

नेपाली कांग्रेसले प्रथम त आफ्नो पार्टी सुदृढ गरी संस्थापन र संस्थापन इतरको भेद, आपसी पृथकता हटाउन सबै एक ढिक्का हुनुपर्नेमा एकअर्कालाई निस्तेज गर्ने, एकअर्कालाई नेतृत्वबाट विस्थापित गर्ने रणनीतिमा लागेर संगठन कमजोर बनाउनेतिर लागेका छन्। अहिले सबै पार्टी सभापतिको हैसियतमा आफूलाई राख्न र त्यो हैसियतको परिचय बनाउन कुनै पनि स्तरको नेता अहिले हदैसम्म फोहोरी खेल खेल्न तयार रहेको देखिन्छ। जुन अहिले भएको एकअर्काविरुद्धमा भएको मोर्चावन्दीलाई लिन सकिन्छ। यस्तो प्रवृत्तिलाई अहिले सबैले आफ्नो-आफ्नो ठाउँबाट यो खेल बन्द गरेर संगठन मजबुत बनाउन लाग्नुपर्छ।



कांग्रेसको संगठन छैनभन्दा हुन्छ, संगठन कमजोर र सुस्त छ, संगठन छ भन्नेहरुले यो बुझे हुन्छ कि कांग्रेसमा गठन छ। तर, संगठन छैन। यही गठनलाई संगठन ठान्नु नै कांग्रेसको भुल हो। केन्द्रदेखि जिल्लासम्म र त्यसका भातृ निकायहरुको वर्तमान अवस्थाको यो गठनलाई संगठन बनायौं भन्नु नै सांगठनिकरुपले कांग्रेस कमजोर हुँदै गएको हो, संगठन भनेको विधि-विधानले चल्ने संस्थालाई जनाउँछ। त्यो कांग्रेसमा अहिले देखिरहेको छैन, संगठनले बृहत शब्दको अर्थ दिन्छ।

कांग्रेसले कांग्रेसलाई जोड्न सकेको छैन, कांग्रेसले कांग्रेसमा अपनत्व गराउन सकेको छैन, कांग्रेस यस्तो पार्टी थियो जसको लागि ज्यान दिएका थिए, ज्यान दिन तयार हुन्थे। अहिलेको कांग्रेस कांग्रेसकै ज्यान लिन तयार छन्। ज्यान लिनु भनेको मार्नु, हत्या गर्नु मात्रै होइन आफ्नो निहीत स्वार्थलाई आफ्नो अभिष्ट पूर्तिका लागि आफ्नो सहयात्रीलाई निस्तेज गर्नु, नेतृत्ववाट विस्थापित गर्नु र पार्टीबाट पलायन पार्नु उदासीन गराउनु पनि हत्या गर्नु, ज्यान लिनु सरह हो। हो, अहिले पार्टीमा यस्तै विचार मौलाइरहेको छ।

अहिले युवा पुस्ताको कुरा उठाइरहेका छन्, नेतृत्व युवापुस्तामा आउनुपर्छ -युवा पुस्ता भनिरहेका छन्। तर, युवा पुस्ताले यो भनिरहँदा यो कुरा उठाइरहँदा गुटभित्रै रहेर यो कुरा उद्घाटन गरिहेका छन् । शेरबहादुर देउवा, रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला यिनीहरु ठूलो वृक्षको रुपमा कांग्रेसमा देखिरहेका छन्। र, त्यही वृक्षको छायाँमा युवा पुस्ता हुर्किरहेका छन्। छायाँमा रहेर युवा पुस्ताले नेतृत्वको कुरा गर्नु आफैमा स्वास्थ्य राजनीति मान्न यस कारणले सकिँदैन कि यसमा गुट र उपगुट जीवित देखिन्छ।

छायाँबाट मुक्ति हुनुपर्छ। छायाँमा बसेर नेतृत्व विकास हुँदैन छायाँमा बसुञ्जेल, रहुञ्जेल सधैं पुड्को हुइन्छ त्यहाँ विकसित हुने वातावरण वृक्षले रोक्छ। जसरी ठूला वृक्षको छायाँमा अन्य वनस्पती मौलाउँदैन, फस्टाउँदैन सेपमा पर्छ अहिलेको युवा पुस्ता त्यस्तै सेपमा छन्। प्रथमतः युवा पुस्ता त्यो छायाँबाट मुक्त भएर कांग्रेस वीपी विचारको कांग्रेस भएर अगाडि बढ्नु पर्छ। वीपीको विचार वीपीको चरित्र र संस्कार आफूमा रुपान्तरित गरेर विचार चरित्र र संस्कारलाई पोषित गर्दै अन्तकरण शुद्धी गर्दै अगाडि नबडे युवा पुस्तामा वीपीले जन्माएको कांग्रेसमा नेतृत्व लिने क्षमताको विकास हुँदैन। संगठनमा शुद्धी आउँदैन र गुट-उपगुटको अन्त्य हुँदैन।

तीन तहको निर्वाचनको परिणामपछि नेपाली कांग्रेसको अवस्था वनसाई अर्थात् गमलामा रोपेको वरपिपल जस्तो भएको छ, त्यो वरपिपलमा कुनै चराले गुड लगाउँदैन र त्यहाँ कुनै चरा-चुरुंगी बस्दैन। त्यसले कसैलाई शितल दिँदैन, न त त्यसबाट काठदाउराको नै उपयोग हुन्छ र सबैभन्दा दुःखको कुरा त्यसले न कुनै बिज नै उत्पादन गर्छ अहिले कांग्रेस त्यस्तै गमलाको वरपिपल जस्तो भएको छ।

यस्तो अवस्थाको कांग्रेसले अब जमिनमा, जनतामा, जनताको घर-घरमा जानुपर्छ। जमिनमा त्यो वृक्षलाई रोपेर वनसाइलाई भिमकाय वृक्षमा परिणत गर्नुपर्छ। यसो गर्न सबै एकजुट हुनुपर्छ। गुट-उपगुटको अन्त्य हुनुपर्छ। कांग्रेसको गठनलाई संगठनमा परिणत गर्दै पार्टी विधि विधानले चलाएको अवस्थामा कांग्रेसले एकअर्कामा अपनत्व सृर्जना गर्नसक्छ, कांग्रेसले एकअर्कामा जोड्न सक्छ।

# अझै रोकिएन झापामा कपडा तस्करी



**भद्रपुर, भदौ २१।** भारतबाट भन्सार छलेर धमाधम लत्ताकपडा नेपाल भित्रिरहेको विषयमा सञ्चारमाध्यममा समाचार बाहिरिएकै दिन वडा प्रहरी कार्यालय भद्रपुर तीन पोका कपडा बरामद गरेको छ । त्यस्तै भारतीय एसएसबीले सीमा क्षेत्रबाट ठूलै परिणामको कपडा बरामद गरेको जनाइएको छ ।

भद्रपुर-३स्थित निर्माणाधीन झोलुङ्गे पुल (नाउका घाट) नजिकैबाट तीन पोका कपडा बरामद गरिएको वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक यमकुमार श्रेष्ठले जानकारी दिए । भन्सार छलेर कपडा भित्र्याइरहेको सूचनाको आधारमा प्रहरीले कपडा बरामद गरेको उनले बताए ।

बरामद गरिएको कपडाको पोकाभित्र कुर्ता सुरुवाल मात्र रहेको थियो । २ लाख मूल्यांकन तोकेर भद्रपुर भन्सार बुझाइसकेको प्रहरीले जनाएको छ । त्यस्तै भारतीय एसएसबीको ४१औं बटालियन मदन जोत क्याम्पका टोलीले अवैध रूपमा नेपाल लैजाँदै गरेको कपडासहित एक तस्करलाई पक्राउ गरेको छ ।

एसएसबीका अनुसार भारत नेपाल सीमा पिलर नम्बर ४३ स्थित कुटियाजोतबाट अवैध रूपमा लुकाईछिपाई नेपालतर्फ भित्र्याउन खोजिएको कपडासहित एक तस्करलाई पक्राउ गरेको हो । बरामद गरिएको तस्करसहित बरामद गरिएको कपडालाई भारतीय मूल्य एक लाख ४० हजार रुपैयाँ तोकेर भन्सार बुझाइसकेको जनाइएको छ । एसएसबीले बरामद गरिएको कपडा झापाको ज्यामिरगढी वा घोडामारा नाकाबाट भित्र्याउन खोजिएको थियो ।

# झापामा राप्रपा संयुक्तको विवाद चुलियो

**झापा, भदौ २१।** झापामा राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्तका समान्तर समिति बनेपछि दुईपक्षबीच विवाद चुलिएको छ ।

विवाद चुलिँदै गएपछि राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्त जिल्ला कार्यसमिति झापाले पूर्वमन्त्रीसहित नेता कार्यकर्तालाई कारवाहीका लागि सिफारिस गरेको छ ।

झापामा समान्तर समिति गठन गरेको भन्दै पूर्व श्रम राज्यमन्त्री टेकनारायण राजवंशी, शाही शासनकालका क्षेत्रीय प्रशासक प्रजापति कोइराला, चेतनाथ थापा, विजय दाहाललाई अनुशासनको कारवाहीको लागि केन्द्रमा सिफारिस गरेको हो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्तले साउन २१ गते सम्पन्न गरेको एकीकरण घोषणा सभामा झापामा ओमप्रकाश मिश्रको अध्यक्षतामा जिल्ला कार्यसमिति झापा गठन गरेको थियो । त्यसलगत्तै असन्तुष्ट पक्षले भदौ १४ गते लक्ष्मीप्रसाद ओडारीको अध्यक्षतामा अर्को समानान्तर समिति गठन गरेपछि दुई समूहबीच विवाद चुलिएको हो । समानान्तर समितिको अध्यक्षमा लक्ष्मीप्रसाद ओडारी चयन भए पनि समिति बनाउन पूर्व मन्त्रीसहितका नेताहरुले भूमिका निर्वाह गरेपछि उनीहरुलाई कारवाहीको माग गरिएको पार्टीले जनाएको छ ।

केन्द्रीय संयोजन समितिले मेची अञ्चलका लागि तोकेको केन्द्रीय पदाधिकारी र सदस्यहरुको समायोजन समितिले केन्द्रको विधि र निर्देशन प्रक्रियालाई लिएर साउन २१ मा झापामा घोषणा सभा गरेर पार्टीको झापा जिल्ला कार्यसमिति गठन गरेको थियो । भेलाले तात्कालीन प्रजातान्त्रिकका लक्ष्मीप्रसाद ओडारीलाई झापाको निर्देशन समितिको संयोजकमा चयन गरेको केन्द्रलाई पठाएको पत्रमा उल्लेख छ । तर, मिश्र नेतृत्वको जिल्ला समितिले झापालाई पूर्णता प्रदान गरी संगठन विस्तार गरिरहेको अवस्थामा भदौ २४ गते लक्ष्मीप्रसाद ओडारीको नेतृत्वमा समानान्तर समिति गठन भएको उल्लेख छ ।

जिल्लामा केन्द्रको निर्देशन पालना नगरी समान्नतर समिति बनाएका कारण अनुशासनको कारवाहीको माग गरिएको मिश्र पक्षका जिल्ला सचिव निरबहादुर कार्की नेत्रले जानकारी दिए । पार्टीका संगठन विभाग प्रमुख ध्रुवबहादुर प्रधानलाई सम्बोधन गरेर केन्द्रीय कार्यालयका लागि लेखेको पत्रको बोधार्थ पार्टीका १ नम्बर प्रदेश संयोजक सुनिलबहादुर थापालाई दिईएको छ । पत्रमा पूर्व मन्त्रीसहित अन्य नेताहरुलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी कारवाहीको सिफारिस गरिएको छ ।

# बोक्सीको आरोपमा यातना दिने पक्राउ

**झापा, भदौ २१।** झापामा बोक्सीको आरोपमा यातना दिने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

४० बर्षीया कुमारी बुढाथोकी र ३१बर्षीय दिनेश दर्जीले गत १९ गते रातको पौने ११ बजे स्थानीय २२ बर्षीय महिलालाई बोक्सीको आरोपमा पुन्यु तताएर अनुहार र हातमा डामेको भन्दै उक्त महिलाले २० गते प्रहरीमा जानकारी गराउनासाथ प्रहरीको टोली खटी निजहरुलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय अनारमनीमा ल्याइएको उक्त कार्यालयले जनाएको छ ।

# जयगुरु सत्संग मन्दिर उद्घाटन

**गौरीगञ्ज, भदौ २१।** गाउँपालिका वडा नं. ४ भवानीपुरस्थित श्रीजयगुरु सत्संग मन्दिरको एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ । श्रीठाकुर अनुकुल चन्द्रजीको १३२औं जन्मोत्सवको अवसर पारेर गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले उक्त मन्दिरको उद्घाटन गरेका हुन् ।

जयगुरु मन्दिर सञ्चालन समितिका अध्यक्ष श्याम गिरीको अध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा



जग्गादाता सोनीलाल हजाम र तिलकचन गिरीलाई सम्मान गरिएको थियो । जग्गादाता सोनीलाल हजामले मन्दिर निर्माण गर्न १६ धुर जग्गा र तिलकचन गिरीले शौचालय निर्माणका लागि २ धुर जग्गा निःशुल्क प्रदान गरेका थिए । गौरीगञ्ज गाउँपालिका वडा नं. ४का वडाध्यक्ष कुलप्रसाद गिरीका अनुसार गौरीगञ्ज गाउँपालिका र वडा नं. ४को वडा सिलिङ्ग वजेटबाट १० लाख ७० हजार, तत्कालीन जिल्ला विकास समितिबाट १ लाख रुपैयाँ र श्रमदानबाट २ लाख ५० हजार रुपैयाँमा मन्दिर निर्माण भएको हो ।

कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाका वडा नं. १का अध्यक्ष कार्तिकलाल राजवंशी, समाजसेवी घनश्याम रिजाल, महिला नेतृ फूलवत्ती राजवंशी, पर्शुराम राजवंशी लगायतले बोलेका थिए ।

कार्यक्रममा भारतको झारखण्ड देवघरका रितिक गोपाल झा, शशिकान्त झा, नजरलाल राजवंशी, अनिलकुमार सिन्हा, चेतलाल राजवंशी, दुखालाल ताजपुरिया, वडाध्यक्ष अग्नु राजवंशी, बद्रीनारायण यादव, बिजय सिंह, युवा समाजसेवी श्रवण गिरी, अजय साहलगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन गाउँपालिकाका प्रतिनिधि वीरेन्द्र खड्काले गरेका थिए ।

# गोदरेजको बाली अफर

**बिर्तामोड, भदौ २१।** गोदरेज अप्लाएन्सेस्ले चाडपर्वहरुको अवसरमा 'फ्रि कपल ट्रिप टु बाली' अफर ल्याएको छ ।

ग्राहकले रेफ्रिजिरेटर, चेष्ट फ्रिजर, वासिङ मेसिन र माइक्रोवेभ ओभनको खरिद गरी लक्की ड्र मार्फत बाली जाने अवसर प्राप्त गर्न सक्नेछन् साथै एसीको खरिदमा फ्रि जडानको सुविधा प्रदान गरिएको कम्पनीले जनाएको छ ।

यो ग्राहक योजना नेपाल अधिराज्यभर भाद्र २० गतेदेखि सिमित अवधिको लागि सिजी आउटलेटहरुमा मात्र लागू हुनेछ ।

# तीन जनालाई छात्रवृत्ति

**शनिश्चरे, भदौ २१।** बन्दी सहायता नेपालद्वारा सञ्चालित 'छोरीका लागि शिक्षा' कार्यक्रम अन्तर्गत तीन छात्रालाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्ने भएको छ ।

बन्दी जीवन बिताइरहेका अभिभावक तथा असहाय बालिकाहरुलाइ गएको १५ बर्षदेखि सस्थाले छोरी शिक्षाका लागि प्रत्येक बर्ष खाजा खर्च रु. १२ हजार, शुल्क, पुस्तक, स्टेशनरी, साइकल, पोशाक, ब्याग, छाता, जाडो र गर्मीका कपडा र ट्युसनको व्यवस्थापन लगायतका सुविधा पाउने गरेका छन् ।

अर्जुनधारा-११ चिया बगान मजदुर टोलका लक्ष्मी माबिमा कक्षा १०मा अध्ययनरत् हिमा मुन्डा, कक्षा ५मा अध्ययनरत् अनुपा कोइराला र हिना उराउले उक्त छात्रबृत्ति प्राप्त गरेका हुन् । हाल यस कार्यक्रममा जिल्लाभरि १९ जनाले यो सेवा पाइरहेका सचिव रन्जित परियारले बताए ।

कार्यक्रममा जिल्ला संयोजक जगतबहादुर मगरले उनीहरुलाई नगद तथा स्टेशनरी हस्तान्तरण गरेका थिए ।


## राजगढमा चलिरहेछन् यी चलचित्रहरु

नयाँ रिलिज चलचित्रहरू
पहिलो शो ९:३० बजे SAAHO (हिन्दी)
दोस्रो शो १२:०० बजे मारुनी (नेपाली)
तेस्रो शो २:१५ बजे SAAHO (हिन्दी)
चौथो शो ५:३० बजे SAAHO (हिन्दी)
पाँचौ शो ८:०० बजे SAAHO (हिन्दी)
एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) नेपाली सिनेमा
SAAHO
पहिलो शो ११:४५
दोस्रो शो २:४५
नाइट शो ७:००

(हल बी) नेपाली तथा हिन्दी सिनेमाहरु
पहिलो शो ११:४५ मारुनी
दोस्रो शो २:४५ मारुनी
तेस्रो शो ७:०० SAAHO

www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

## गमला बिक्रीमा

सिमेन्टबाट बनेका गमलाहरू बिक्रीमा छन् ।
टप- २१ इन्च उचाई २३ इन्च साइजमा
चाहेको रंगमा उपलब्ध छ । मूल्य प्रतिगोटा रु. १०००।-
बिर्तामोड नगरपालिका भरी फ्रि होम डेलिभरीको सुविधा छ ।
रोशन उप्रेती (९८१५९९८३१९)
राजकुमार आचार्य (९८०४९०४२११)

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्यांकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता

Science Teacher: 1, Class 5 (Male)
क्लिनर : ४ जना (महिला/पुरुष)
वेटर क्याप्टेन : १ जना
रुम ब्वाई : ४ जना
कुक : ८ जना वेटर : ६ जना
घरमा काम गर्ने : २ जना महिला
(यसको मासिक तलब १०,००० भन्दा माथि)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड नगरपालिका-४ भद्रपुररोड पुरानो गोमेन्द्र कलेजदेखि तल्लो कालिका चोकबाट ३५० मिटर पश्चिममा ४२ फिट मुख भएको उत्तर फर्किएको, उत्तर-दक्षिण दुबैतिर बाटो भएको १ कठ्ठा जग्गा विक्रीमा छ। इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८४२७८९८१३/९८१४९११७७७

### गिटी बालुवा चाहिएमा

निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन बेश आदि चाहिएमा सम्पर्क गर्नुहोला । अत्याधुनिक प्रविधिबाट झापा मै पहिलो पटक प्रशोधन गरिएको ।
सम्पर्क : ९८४२६५४४००
९८०४९५४४००

### पसल बिक्रीमा

झापाको अर्जुनधारा-९ स्थित कटहर डाँडामा चालू अवस्थामा रहेको ग्रील पसल बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८४२६५४३७७, ९८२४९०००८८

### फ्ल्याट भाडामा

बिर्तामोड हाइवेस्थित अन्धुवा पुल दक्षिणपट्टिको पहिलो घरको पहिलो तला १२०० Sqft. हल दोस्रो तलामा ६ वटा एटेज बाथरुम भएको फ्ल्याट भाडामा छ ।
सम्पर्क : ९८०४९१०१००, ९८१४९९९७२८

### पसल बिक्रीमा

बिर्तामोड कन्काई रोड पुरानो खानेपानी टेङ्की छेउमा रहेको कोल्ड सेन्टर तु-बिक्रीमा छ । इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८०८९६३८१६

### पसल बिक्रीमा

बिर्तामोड नगरपालिका वडा नं.- ४ भद्रपुररोडस्थित बिजुली अफिसको दक्षिणपट्टि मेनरोडमा अवस्थित पसल भएको अगाडिको सटर तथा त्यससँगै जोडिएको पछाडिको तीनवटा सटरसहित पसल विक्रीमा छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८०६०००४७२

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## कोरियन भाषा

हाम्रा बिशेषताहरु
한국어
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री निःशुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि बिशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklcbtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

## कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा

विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा

डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. गौरव राज ढकाल
MBBS, MS, ORTHO (KU)
ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA)
NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाइन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य
वरिष्ठ नाक,कान,घाँटी रोग विशेषज्ञ
प्रत्येक बिहिवार
डा.सि.वि झा
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसी सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** पहिलेको सफलताले हौसला प्रदान गर्नेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** दिउँसोदेखि विभिन्न अवसरले पछ्याउने छन् र दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले सम्मानित स्थान दिलाउन सक्छ । प्रतिस्पर्धीलाई पछि पार्दै लाभ उठाउन सकिनेछ । सफलताको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । प्रक्रिया नमिल्नाले काम दोहोर्‍याउनुपर्ने हुन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वतन्त्र रूपले काम गर्ने वातावरण नमिल्न सक्छ । मध्याह्नदेखि स्थितिमा सुधार आउनेछ । पठनपाठनमा प्रगति हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । दिगो योजनाका साथ अघि बढ्दा राम्रै लाभ मिल्नेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुने छन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** यापारमा विशेष फाइदा उठाउन सकिनेछ । मध्याह्नदेखि पारिवारिक असमझदारीले काम रोकिन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बिनाकारण आफन्तजन टाढिन सक्छन् । अरूका लागि श्रम तथा बुद्धि खर्चनुपर्ला । साथीभाइसँग पनि सन्तुलित व्यवहार गर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ । आत्मविश्वासको कमीले काममा पछि परिनेछ । सञ्चित रकम खर्च हुने डरले सताउन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** मध्याह्नदेखि स्थितिमा सुधार आउनाले रोकिएका काम पुनस् प्रारम्भ हुने छन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । नौलो काम शुभारम्भ हुनेछ । गरिएका कर्मको उचित फल पाइनेछ ।

# ‘शाकाहारीलाई मस्तिष्कघातको जोखिम’



**झापा, भदौ २१।** माछा-मासुरहित आहार गर्दा मुटुको रोग लाग्ने सम्भावना कम हुने भए पनि मस्तिष्कघातको जोखिम बढ्ने एउटा अध्ययनले देखाएको छ।

ब्रिटिश मेडिकल जर्नलमा प्रकाशित अक्सफोर्ड विश्वविद्यालयका प्राध्यापकहरूले गरेको अध्ययनमा ४८ हजार व्यक्तिलाई १८ वर्षसम्म अनुसन्धान गरिएको थियो। प्रत्येक हजार मानिसहमध्ये मुटुको रोग लाग्ने शाकाहारीको संख्या मांसाहारीको भन्दा १० कम थियो। तर, मस्तिष्कघात हुने मध्ये शाकाहारीको संख्या तीन जनाले बढी थियो।

आहार विशेषज्ञहरूका अनुसार शाकाहार वा मांसाहार जे गरे पनि धेरै प्रकारका खानेकुरा खानु स्वास्थ्यका लागि लाभदायक हुन्छ। उक्त सोधमा आहार र स्वास्थ्यबारे एउटा प्रमुख दीर्घकालीन ईपीआईसी-अक्सफोर्ड अध्ययनको तथ्याङ्क प्रकाशित गरिएको बीबीसीले जनाएको छ।

सन् १९९३ देखि २००१ देखि अध्ययनमा सहभागी भएका आधा मानिस मांसाहारी थिए भने १६ हजार शाकाहारी तथा ७५ सय जना माछा मात्रै खाने थिए। अध्ययनमा सहभागी हुने बेलामा उनीहरूलाई आफ्नो आहारबारे सोधिएको थियो।

सन् २०१० मा फेरि त्यही कुरा सोधियो। उनीहरूको स्वास्थ्यस्थिति, धूमपान गर्ने बानी तथा शारीरिक व्यायाम गर्ने वा नगर्ने पक्षलाई पनि अध्ययनमा समावेश गरिएको थियो। ती मध्ये जम्मा दुई हजार आठ सय २० जनालाई हृदयरोग लागेको थियो भने एक हजार ७२ जनालाई मस्तिष्कघात भएको थियो।

माछा मात्रै खाने मानिसमा हृदयरोगको जोखिम १३ प्रतिशत कम र शाकाहारीमा २२ प्रतिशत कम देखिएको छ। तर, शाकाहारीहरूमा मस्तिष्कघातको सम्भावना २० प्रतिशत बढी देखिएको छ। शाकाहारीमा भिटामिन बी १२ को कमी हुने भएकाले त्यसो भएको हुन सक्ने तर थप अध्ययन चाहिने बताइएको छ।

ब्रिटिश डाइअटेटिक एसोसिएशनका डा. फ्रान्की फिलिप्स भन्छन्- ‘होइन। किनभने यो अध्ययनमा मानिसहरूले वर्षौंसम्म के खान्छन् भनेर मात्रै हेरिएको छ।’ उनका अनुसार यो अध्ययनले सम्बन्ध देखाउने भए पनि त्यही कारणले त्यसो भएको हो भन्ने देखाउँदैन।

‘यसको सन्देश भनेको सबै खाले खानेकुराहरू मिसिएको आहार नै ठिक हुन्छ भन्ने हो।’ ब्रिटेनको न्याशनल हेल्थ सर्भिसेजका अनुसार जुनसुकै आहार खाए पनि तपाईंको खानेकुरामा निम्न कुरा हुनुपर्छ। प्रत्येक दिन कम्तीमा पाँचथरी फलफूल र तरकारी आलु, पाउरोटी, चामल र पास्तामध्ये एक प्रोटिन बिर्सनु हुँदैन (मासु, माछा, गेडागुडी, दाल वा दूग्धपदार्थ) तर चिल्लो, नुन र चिनी कम खानुपर्छ। शाकाहारीहरूले पोषणका बारेमा विशेष ध्यान दिनुपर्छ किनभने माछामासु वा दूग्धपदार्थबाट प्राप्त हुने भिटामिन बी १२ शरीरका लागि आवश्यक हुन्छ।

# इलाममा रेडक्रसको स्थापना दिवस

**इलाम, भदौ २१।** नेपाल रेडक्रस सोसाइटीको स्थापना दिवसको अवसरमा कन्याम उपसाखा अन्तर्गतका युवा रेडक्रस सर्कलहरुको बीच निबन्ध प्रतियोगिता र रेडक्रस परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ।

शान्ति निकेतन माध्यमिक बिद्यालय रोङ- ३ मा भएको निबन्ध प्रतियोगितामा बिभिन्न बिद्यालयले सहभागिता जनाएका थिए। कक्षा ६ देखि ८ सम्मको एउटा समूह, ९ र १० को अर्को समूह र १० र ११ को अर्को अलग्गै समूह बनाएर निबन्ध प्रतियोगिता सञ्चालन भएको थियो।

कक्षा ११ र १२ का बिद्यार्थी सहभागि भएको प्रतियोगितामा जनक मावि श्रीअन्तुका कौशल न्यौपाने प्रथम कृष्णाश्रम मावि कन्यामका प्रतिमा सापकोटा दोश्रो र शान्ति निकेतन कुटिडाँडाका बिद्यार्थी रोजिला कार्की तेश्रो भएका थिए।

त्यस्तै कक्षा ९ र १० का बिद्यार्थीहरुबीच भएको प्रतियोगितामा शान्ति निकेतनकी दिक्षा भुजेल प्रथम, कृष्णाश्रम मावि कन्यामकी स्मिता थापा दोश्रो र जनक माविकी अनुजा ढकाल तेश्रो भएको शान्ति निकेतन मावि रेडक्रसका शिक्षक नायक तथा सहायक प्रधानाध्यापक भूपाल खड्काले बताए।

त्यस्तै कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरुबीच भएको प्रतियोगितामा जनक माविका प्रनिश पोखरेल प्रथम र सरस्वती निवास आधारभूत बिद्यालय तारगाउँकी कामना पौडेल दोश्रो भएका थिए। सो समूहको प्रतियोगितामा बराबरी अंकको कारण शान्ति निकेतन माविकी बिनिता खवास र कृष्णाश्रम माविकी स्मीता श्रेष्ठ तेश्रो भएको युवा रेडक्रस सोसाइटीका शिक्षक नायक खड्काले बताए।

कार्यक्रममा रेडक्रसका जिल्ला शाखा सभापति देबी गौतम, प्रदेश नम्बर १ समितिका उपसभापति हरिकला श्रेष्ठ, कन्याम उपशाखा सभापति बेदप्रसाद गिरी, रोङ गाउँपालिका शिक्षा शाखा प्रमुख ज्ञानबहादुर कार्की, महिला बालबालिका शाखा प्रमुख रेनुका राई लगायतले युवालाई कुलत र दुर्ब्यसनीमा फस्न नदिन र उर्जाशील समय उत्पादनमुखी कार्यमा लगाउन रेडक्रसको भूमिका महत्वपूर्ण हुने बताए।

उनीहरुले मन बचन कर्मले सेवा गर्न रेडक्रसको माध्यमबाट सकिने बताए। कन्याम उपशाखाको आयोजना र शान्ति निकेतन माध्यमिक बिद्यालयको संयोजनमा उक्त कार्यक्रम गरिएको हो।

# नारी संकल्पको सभा

**बिर्तामोड, भदौ २१।** महिलाहरु एक जुटभएमा जस्तोसुकै काम पनि गर्नसक्नेमा एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन्।

महिलाले केही गर्न सक्दैनन् भन्ने मानसिकता त्यागेर सबै महिला एक भएमा समाजमा जस्तोसुकै काम गर्न सक्नेमा उनीहरुको जोड रहेको छ।

शनिबार झापाको बिर्तामोड-१ मा रहेको नारी संकल्प संस्थाको प्रथम साधारणसभामा बोल्दै प्रदेश सांसद एकराज कार्कीले महिलाहरु एकजुट भएर कुनै पनि कामको नेतृत्व गरेमा पुरुषको भन्दा राम्रो हुने गरेको बताए। उनले नारीहरु एकजुट भएर समाजका हरेक काममा सक्रिय भएर लागेमा देशको समृद्धिका लागि ठूलो सहयोग पुग्नेमा जोड दिए।

पिछडिएका वर्ग तथा विभिन्न हिंसामा परेका महिलाहरुको न्यायका लागि महिला एकजुट हुनुपर्नेमा सांसद कार्कीले जोड दिँदै बिर्तामोडमा नारी संकल्पले महिलाको हितका निमित्त छोटो समयमा महत्वपूर्ण काम गर्न सफल भएको भन्दै प्रशंसा गरे।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रवक्ता एवम् वडा नं. १ का वडाध्यक्ष अग्नी पाण्डेले नारी संकल्पलाई नगरपालिकाले जस्तोसुकै सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाए। उनले महिलाले केही गर्न सक्दैनन् भन्नेलाई बिर्तामोडको नारी संकल्पका महिलाहरुले चुनौति दिँदै समाजसुधारका निमित्त धेरै राम्रो काम गरेको भन्दै प्रशंसा गरे।

शिक्षा, स्वास्थ्य, चेतना, उद्यमशिलता, सशक्तिकरण, नेतृत्व विकास, सीपमूलक कार्य गर्नका लागि तथा समाजमा रहेका विभिन्न समस्याहरुको पहिचान गरी समाधानका लागि जागरुकता ल्याई सामाजिक हितका लागि यो संस्थाको स्थापना गरिएको बताइएको छ।

नारी संकल्पकी अध्यक्ष तुलसा मैनाली खरेलको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस बिर्तामोडका नगर सभापति भोजराज सिटौला, नेकपा नगर अध्यक्ष ज्ञानुराम प्रसाई, राप्रपा नगर अध्यक्ष शंकर रिजाल, पार्वता विमली खरेल, गोमा भट्टराई, निरज ओली लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा ज्येष्ठ नागरिक १०१ वर्षीया जानुका सेढाईलाई दोसल्ला ओढाएर सम्मान समेत गरिएको थियो। नारीहरुको कार्यक्रममा ज्येष्ठ मातालाई सम्मान गर्दै आमाको ममताको विषयमा प्रशंसा समेत गरिएको थियो।

कार्यक्रममा अध्यक्षको प्रतिवेदन मैनालीले प्रस्तुत गरेकी थिइन् भने कोषध्यक्षको प्रतिवेदन दीपा भण्डारीले प्रस्तुत गरेकी थिइन्। संस्थाको परिचय सदस्य नितिका प्रसाईले प्रस्तुत गरेको कार्यक्रममा स्वागत सह-सचिव आशा बानिया उप्रेतीले गरेकी थिइन्। कार्यक्रमको सञ्चालन सचिव हिमा प्रसाईले गरेकी थिइन्।

# दाहाल प्रतिष्ठानमा पुनः वेदप्रसाद



**बिर्तामोड, भदौ २१।** दाहाल प्रतिष्ठान बिर्तामोडको अध्यक्षमा वेदप्रसाद दाहाल चयन भएका छन्।

बिर्तामोडमा भएको चौथो अधिवेशनबाट उनी पुनः अध्यक्षमा चयन भएका हुन्। प्रतिष्ठानको उपाध्यक्षमा पुष्पा दाहाल, सचिवमा लक्ष्मण दाहाल, सहसचिवमा श्याम दाहाल र कोषाध्यक्षमा तुलसी दाहाल चयन भएका छन्।

त्यस्तै सदस्यहरुमा दिपक दिनेश दाहाल, गोपाल दाहाल, युवराज दाहाल, घनश्याम दाहाल, प्रेमप्रसाद दाहाल, पुण्यकला दाहाल, प्रजापति दाहाल, मित्रलाल दाहाल, कृष्ण दाहाल, तारा दाहाल, विश्वराज दाहाल रहेका छन्। त्यस्तै लेखा समिति समेत गठन भएको बताइएको छ।

दाहाल प्रतिष्ठानका केन्द्रीय अध्यक्ष दुर्गाप्रसाद दाहलको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानले पाँच जना विद्यार्थीलाई सम्मान गरेको थियो। सम्मानित हुने विद्यार्थीहरुमा हरिहर दाहाल, अविरल दाहाल, निराजन भट्टराई, घनश्याम दाहाल र सुशसाङ्क दाहाल रहेका छन्। उनीहरुलाई नगदसहित सम्मान गरिएको थियो।

स्व.हरिप्रसाद दाहाल स्मृति प्रतिष्ठानले स्थापना गरेको पुरस्कारबाट उनीहरुलाई नगदसहित सम्मान र पुरस्कृत गरिएको हो। त्यस्तै उत्कृष्ठ ऋणितर्फ कृष्णप्रसाद दाहाल र बचतकर्ता मालु दाहाललाई सम्मान गरिएको थियो।

कार्यक्रममा संस्थाका केन्द्रीय महासचिव पुण्यप्रसाद खाहाल, सदस्य दिपक दिनेश दाहाल, हरिप्रसाद दाहाल, खड्गप्रसाद दाहाल लगायतले बोलेका थिए। प्रतिष्ठानका उपाध्यक्ष पुष्पा दाहालले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव लक्ष्मण दाहालले गरेका थिए।

# ‘अचम्मको पोको’ पाएपछि...

**बिर्तामोड, भदौ २१।** कुनै पनि कार्यक्रममा आयोजकले निम्त्याइएका अतिथिहरुलाई मायाको चिनोको रुपमा बुद्धको मूर्ति, लोटा, घडी, आकर्षक तस्वीर अंकित फोटोफ्रेम लगायतका सामग्री दिइने गरिन्छ।




त्यस्तै सहकारीले शेयर सदस्यहरुलाई साधारणसभामा भत्ताको रुपमा रकम समेत दिनेका गरेका छन्। तर, झापाको बिर्तामोडको एक सहकारीले भने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि र शेयर सदस्यहरुलाई मायाको चिनोको रुपमा ‘अचम्मको पोको’ उपहार दिएको छ।

विराट-अर्जुन उपभोक्ता सहकारी संस्था बिर्तामोड-४ ले १०औं वार्षिक साधारणसभामा यस्तो अचम्मको पोको उपहार दिएको हो। सहकारी संस्थाले गत वर्षदेखि नै प्रमुख अतिथिदेखि शेयर सदस्यसम्मलाई दैनिक उपभोग्य खाद्य सामग्रीसहितको अचम्मको पोको उपहार दिएको संस्थाका अध्यक्ष नवीन खरेलले जानकारी दिए।

विराट-अर्जुन उपभोक्ता सहकारीले संस्थाको नाम अनुसार उक्त कार्यक्रम गरिएको बताउँदै अध्यक्ष खरेलले शेयर सदस्यलाई भत्ताको रुपमा रकम दिए फजुल खर्च गरेर सिध्याउने तर दैनिक उपभोग्य सामग्री दिए घरमा उपयोग गर्ने भएकाले भत्ताको रुपमा समेत उक्त उपहार दिएको बताए।

संस्थाका अध्यक्ष नवीन खरेलको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघका सहसचिव भवानीप्रसाद दंगालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाकी व्यवस्थापक कमला नेपाल आचार्यले स्वागत गरेकी थिइन्।

कार्यक्रममा जिल्ला सहकारी संघ झापाका सचिव युवराज ढकाल, राष्ट्रिय सहकारी बैंक बिर्तामोड शाखा प्रमुख मुना घिमिरे, पूर्णिमा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष छविलाल विश्वकर्मा, बिर्तामोड-४ का वडाध्यक्ष कुलप्रसाद संग्रौला लगायतले संस्थाले गरेको कार्यको प्रशंसा गरेका थिए।

कार्यक्रममा अध्यक्ष खरेलले अध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रतिवेदन अनुसार संस्थाको शेयर सदस्य एक हजार आठ सय ६५, शेयर पुँजी ९० लाख ६७ हजार तीन सय, ऋण लगानी दुई करोड ८१ लाख ७४ हजार नौ सय ३९ पैसा ८२ पैसा, बचत एक करोड ९० लाख ८१ हजार छ सय ५६ रुपैयाँ ३३ पैसा रहेको छ। त्यस्तै संस्थाले दुई लाख ८८ हजार दुई सय १८ रुपैयाँ ८२ पैसा नाफा गरेको बताइएको छ।

संस्थाले देवेन्द्रराज कन्दङ्वा र गुलावी चौधरीलाई असल उद्यमीको रुपमा सम्मान गरेको छ भने उत्कृष्ट बचतकर्ता पाँच वर्षे खातातर्फ सञ्जय अग्रवाल, तीन वर्षे खातातर्फ पूजा राजवंशी, बाल बचतकर्ता दिक्षित पौडेललाई पुरस्कृत गरेको छ। त्यस्तै उत्कृष्ट कर्मचारीको रुपमा मुना खड्का र अनुशासित कर्मचारीको रुपमा सविना मुर्मूलाई पुरस्कृत गरेको छ।

कार्यक्रममा ऋण उपसमितिका संयोजक यादवकुमार ओलीले ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन संस्थाका सचिव डिल्लीराम प्रसाईंले गरेका थिए।

# चोरीको मोटरसाइकलसहित एक पक्राउ

**सुनसरी, भदौ २१।** सुनसरीको इटहरी उप-महानगरपालिका-४ का देवीप्रसाद सापकोटाको कम्पाउण्डभित्र पार्किङ गरी राखेको को १७ प ९०२४ नम्बरको मोटरसाइकल चोरी गरेर भाग्दै गरेको अवस्थामा एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

धरान-१५ का २६ वर्षीय सुमित मगरले उक्त मोटरसाइकललाई ठेल्दै लादै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय इटहरीबाट गएको प्रहरीको टोलीले फेला पारी नियनत्रणमा लिएको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ।

# सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन

**पाँचथर, भदौ २१।** पाँचथरको दक्षिणी भेग कुम्मायक गाउँपालिका-१ साविक यासोकको विकट गाउँखाल्लेमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालनमा आएपछि नागरिक हर्षित भएका छन्।

सामुदायिक स्वास्थ्य एकाइको भवन निर्माण गरिएपछि हर्षित भएका हुन्। निर्माण गरिएको भवनको उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष जयबहादुर चेम्जोङ र वडाध्यक्ष तथा स्वास्थ्य एकाइ व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र लावतीले यस क्षेत्रमा स्वास्थ्य एकाइको भवन निर्माण भएपश्चात् यासोकसम्म स्वास्थ्य सेवा लिन धाउनुपर्ने बाध्यता हटेको बताए।

आ.व. २०७४/०७५ र २०७५/०७६ को कूल रु. आठ लाखको लागतमा भवन निर्माण गरिएको हो। स्वास्थ्य एकाइका प्रमुख महेन्द्रसुन्दर कार्कीका अनुसार अहिले यस कार्यालयबाट बहिरंग सेवा, आकस्मिक सेवा, गर्भवती परीक्षण लगायतका सेवाहरु प्रवाह गरिने छ। तीन जना दरबन्दी रहेको यस स्वास्थ्य एकाइमा दुई अहेब र एक जना कार्यालय सहयोगी कार्यरत छन्।





## रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी
मो. ९८१६००६३७३, ९८१४०५२६०१

## आज फाइनल अन्तरवार्ता
## दुबई सेक्युरिटी गार्ड र वाचमेनहरुलाई रोजगारको सुवर्ण अवसर
२१ दिनमा भिषा आउने ग्यारेन्टी

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब |  | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
|  |  | AED | NR |  |  |  |  |
| Packing Helper | ८० (पुरुष) | ८००/- | २३,८२५/- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही भदौ २२ गते आइतबारका दिन बिर्तामोडमा हुनेछ।

नोटः दुबईको Magnum Security Service कम्पनीबाट १०० जना DPS सेक्युरिटी गार्ड र नर्मल गार्ड वाचमेनहरुको माग भई आएको छ। सेलरी सेक्युरिटी गाडएको १२ घण्टा २८ दिनको 1930 DHS। वाचमेनको सेलरी १२ घण्टा २६ दिनको 1400 DHS एग्रीमेन्ट गरिनेछ। *शनिबार पनि अफिस खुल्ला रहने छ।*

श्रम इजाजत नं. ३९६/०६०/०६१
**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

## प्रथम बहुउद्देश्यीय सहकारी संस्था लि.,
बिर्तामोड-४, उर्वसीचौक, भद्रपुर रोड झापाको
प्रथमपटक प्रकाशित मितिः २०७६।०५।२१

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस संस्थामा तपशिलमा उल्लेखित बमोजिमको करारमा कर्मचारी आवश्यकता भएकाले योग्यता पुगेका नेपाली नागरिकलाई यो सूचना प्रकाशित मितिले ७ दिनभित्र आफ्नो एकप्रति फोटो, वायोडाटा, नागरिकता, शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपिसहित आवेदन दिन सम्बन्धित सबैलाई दरखास्त आव्हान गरिन्छ।

| क्र.स. | पद/श्रेणी | आवश्यक संख्या | कार्य क्षेत्र | शैक्षिक योग्यता | ग्राह्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १. | वरिष्ठ सहायक | ३ जना | - शिवगञ्ज सेवा केन्द्र-१ जना<br>- बिर्तामोड सेवा केन्द्र २ जना | १०+२ उत्तीर्ण गरेको | - सहकारी तथा वित्तीय क्षेत्रमा कम्तीमा २ बर्ष काम गरेको। | लिखित तथा अन्तरवार्ता |
| २. | बजार प्रतिनिधि | २ जना (घैलाडुब्बा सेवा केन्द्र) | - सिमल चौक डाँगीवारी हुँदै फूलबारीसम्म १ जना<br>- चैतुवारी सोमवारे साधुकुटी हुँदै बालवानीसम्म १ जना | एसएलसी वा एसईई उत्तीर्ण गरेको | - सहकारी तथा वित्तीय क्षेत्रमा काम गरेको।<br>- दुई पाङ्ग्रे सवारी र चालक अनुमति पत्र भएको। | अन्तरवार्ता |

- आवेदन फारम संस्थाको प्रधान कार्यालय तथा सेवा केन्द्रबाट उपलब्ध गराइनेछ।
- आवेदन शुल्क बरिष्ठ सहायक पदका लागि रु. ३०० र बजार प्रतिनिधिका लागि रु. २०० लाग्नेछ।
- थप जानकारीका लागि फोन नं. ०२३-५४५२९९ र ०२३-५४५४९९मा सम्पर्क गर्न सकिनेछ।
- शाखा सम्पर्कः घैलाडुब्बा सेवा केन्द्र ०२३-४१८०५५, शिवगञ्ज सेवा केन्द्र ०२३-४११०७०

पदपूर्ति समिति
प्रथम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
Email: info@prathamsahakari.com.np

# नवदुलहीलाई सृजनशीलको हजार उपहार



**बिर्तामोड, भदौ २१।** बिर्तामोड भित्रिएका नवदुलहीले अब हजार उपहार पाउने भएका छन् । तर, दुलाह वा उनको परिवार बिर्तामोडमा रहेको सृजनशील बचत तथा ऋण सहकारी संस्थामा आवद्ध भएको हुनुपर्छ । सहकारीमा सबै दुलहीलाई आवद्ध गराउँदै स्वावलम्बी बनाउन सहकारीले यस्तो अभियान सञ्चालन गरेको हो ।

विवाहमा हुने फजुल खर्चलाई घटाउँदै बचत गर्ने बानीको विकासका लागि सहकारीले नवदुलहीलाई सहकारीमा निःशुल्क खाता खोल्दै एक हजार रुपैयाँ बचत गर्ने कार्यक्रम अघि सारेको सहकारीका अध्यक्ष डम्वर बिमलीले जानकारी दिए ।

सहकारीको शुक्रवार भएको १४औं साधारणसभामा अध्यक्षको प्रतिवेशन प्रस्तुत गर्दै उनले यो कार्यक्रमसँगै सहकारीले शेयर सदस्य भएका घरभित्र सुत्केरी भएका नाबालकको नाममा निःशुल्क खाता खोल्दै एक हजार रुपैयाँ जम्मा गर्ने कार्यक्रम लागू गरेको जानकारी दिए । जसका कारण बालबालिकाको भविष्य सुरक्षित हुने र बचत गर्ने वानीको विकासले भावी दिनमा फाइदा पुग्ने सहकारीले लक्ष्य लिएको बताइएको छ ।

संस्थाको १४औं वार्षिक साधारणका अवसरमा सहकारीले शेयर सदस्य, उत्कृष्ट बचतकर्ता तथा उत्कृष्ट ऋणीलाई सम्मान गरेको छ । जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ज्येष्ठ शेयर सदस्य देबी खतिवडा, नियमित बचतकर्तातर्फ दीपेन्द्र श्रेष्ठ, उत्कृष्ट बचतकर्तातर्फ सन्तोष साह, हरिकृष्ण खतिवडा, उत्कृष्ट क्रमिक बचतकर्तातर्फ निर्मला राजवंशी, रेणु साह सोनारलाई नगदसहित सम्मान गरिएको थियो ।

त्यस्तै उत्कृष्ट ऋणीतर्फ गोमादेवी ओझा, केकैयादेवी तिम्सिना, विवेक गजमेरलाई नगदसहित सम्मान गरिएको थियो । शेयर सदस्य तथा कर्मचारीका छोराछोरी मध्येबाट २०७५को प्रवेशिका परीक्षा एसईईमा उत्कृष्ट अंक ल्याउने छात्रतर्फ एन्जल बिनायक पोखरेल, छात्रातर्फ शालिका पतङ्वालाई नगदसहित सम्मान गरिएको छ ।

कार्यक्रममा राष्ट्रिय सहकारी वैंककी प्रवन्धक मीना घिमिरे, बुद्धनगर सहकारी संस्थाका अध्यक्ष युवराज प्रसाई, ग्लोवल कृषि सहकारीका सदस्य तोयानाथ दाहाल, कञ्चनजंघा एफएमका कार्यक्रम प्रस्तोता शिरोमणि खतिवडा ( शिरोसान्दाई), साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाका रामलोचन न्यौपाने लगायतले बोलेका थिए ।

कार्यक्रमको सञ्चालन संस्थाकी व्यवस्थापक तारा निरौला ढकालले गरेकी थिइन् । अध्यक्षको प्रतिवेदन संस्थाका अध्यक्ष बिमलीले प्रस्तुत गरेका थिए । सहकारीले २०७५/०७६मा २२ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य लिए पनि २४ करोड ६१ लाख १० हजार ३ सय सात रुपैयाँ पुऱ्याएको छ ।

आर्थिक वर्ष २०७६/०७७मा संस्थाले २९ करोड रुपैयाँ निक्षेप पुऱ्याउने लक्ष्य लिएको छ । शेयरतर्फ सहकारीले १५ लाख ८० हजार रुपैयाँ पुऱ्याउने लक्ष्य लिएको भए पनि शेयर रकम बृद्धि गर्दै १९ लाख १४ हजार ३ सय रुपैयाँ पुऱ्याएको छ । सहकारीले आर्थिक वर्ष २०७६/०७७मा २० लाख रुपैयाँ शेयर पूँजी पुऱ्याउने लक्ष्य लिएको छ ।

# १५ वर्षदेखि कुकुरलाई सामुहिक भोजन !

**रत्नबहादुर बस्नेत**

**बिर्तामोड, भदौ २१।** कुकुर, बिरालो घरपालुवा जनवार हुन् । यी पशुप्राणी धेरैले घरमा पाल्ने गर्छन् । घरको सुरक्षा र सोखका लागि प्रायः धेरैले एक/दुई वटा कुकुर, विरालो पाल्ने गर्छन् ।

नेपाली समाजमा सोख वा प्रत्युपकारको भावनाले यी यस्ता पशुप्राणी पाल्ने प्रचलन रहेको छ । यिनलाई विहान बेलुका मानिसले आफूसँगै खाने बस्ने व्यवस्था पनि गरेको पाइन्छ । तर, एउटा दुई वटा होइन एक दर्जनजति कुकुरलाई दैनिक खानेकुरा खुवाएर मात्र आफू खाने व्यक्ति पनि छन् भन्दा हामीलाई अचम्म लाग्न सक्छ, पत्यार नलाग्न सक्छ ।

तरु यथार्थ कुरा हो, झापा बिर्तामोडकी एक महिलाले करिब एक दर्जन कुकुरलाई दैनिक विहान बेलुका भोजन गराउँदै आएकी छन् । बिर्तामोड नगरपालिका-४ भद्रपुररोड निवासी पुष्पा पौडेलले एक दर्जन सामुदायिक कुकुरलाई दैनिक खाना खुवाउने गरेकी हुन् । आफ्नै घर अगाडि भद्रपुर बसस्टेण्डमा विहान सबेरै कुकुरलाई सामुहिक भोजन गराउँदै गरेकी भेटिएकी ५१ वर्षीया पौडेलले १५ वर्ष अघिदेखि नियमित रुपमा दैनिक एक दर्जन कुकुरलाई खाना खुवाउने गरेको बताइन् । तीन वटा कुकुर भने उनकै घरमा बस्ने गरेका छन् ।

'यो घर बनाएको १५ वर्ष भयो, घर बनाएदेखि सँधै बिहान-बेलुका यिनलाई खाना खुवाउने गरेकी छु'- उनले आफ्नो चार तले पक्की घर देखाउँदै भनिन्- 'एउटा नानी चेपेर एउटा कोठाको सहारा लिएर आएको अहिले यतिको अवस्थामा पुगियो । यति पनि नगरेर के गर्नु ?' अहिले उनको घर व्यवसायिक प्रयोजनमा समेत उपयोग भएको छ । मानिसले धर्मकर्म तथा पुण्यका लागि पुराण आदि धार्मिक अनुष्ठान गर्ने गर्छन् । तर, प्राणीको दया-सेवा गरेर पनि पुण्य मिल्ने उनको भनाइ छ ।



आजका मान्छे लाभ वा फाइदाका लागि फलको आशा गरेर मात्र कर्म गर्छ, तर निःस्वार्थ सेवाबाटै ईश्वरको दर्शन हुने वा सच्चा सुख शान्ति प्राप्त हुन्छ । प्रत्युपकारको आशा नराखी गरिने प्राणीको सेवा नै सच्चा सेवा हुने शास्त्रादिमा समेत बताइएको छ।उनले यसप्रकारको सेवा कार्यबाट आनन्द र आत्मसन्तुष्टि मिल्ने अनुभव सुनाइन् ।

उनले दैनिक आउने यी कुकुरहरुलाई कहिले भात पकाएर दिने गरेकी छन् भने कहिले चिउरा, चाउमिनलगायत खानेकुरा खान दिने गरेकी छन् ।

कहिलेकाहिँ कुकुरको संख्या घटबढ हुने गरेको भए पनि यी कुकुर अनुशासित ढंगले नबाझिकन मिलेर खाना खाने गरेको बानी परेका स्थानीय होटल व्यवसायी दुर्गा आचार्य बताउँछन् । अत्यन्त ध्यान दिएर श्रद्धापूर्वक गरिएको उक्त दया धर्मरुपी कर्म उदारणीय रहेको घरबाट केही खाना लिएर दिनहूँ एकदुई बटुवा कुकुरलाई ख्वाउँदै आएकी अर्की महिला स्थानीय व्यवसायी रमा पुलामीले बताइन् ।

सबैलाई आफूजस्तै सम्झेर जीविकोपार्जन वृति नभएका प्राणीलाई शक्तिले भ्याएसम्म मद्दत गर्नुपर्नेमा कुकुरलाई तुच्छ प्राणी ठानेर हेय दृष्टि राख्ने र यस्ता बटुवा तथा सामुदायिक कुकुरलाई कुटेर निर्दयी ढंगले हत्या गर्ने सम्मको समाचार आइरहेको वर्तमान समयमा उनको परोपकारी कार्य अरुका लागि पाठ बन्न सक्छ । किनभने धर्म कार्यले पुण्य प्राप्ति हुन्छ भने प्राणीप्रति दान, दया गर्नु धर्मकार्य हो ।

ठूला र विदेशी कुकुरलाई सोखका रुपमा सेवा सुविधा दिई पाल्ने गरे पनि यी सामुदायिक स्थानीय कुकुर सबैले उपेक्षा गर्ने गरेको पाइन्छ । तर, पुण्य तथा धर्मकर्म सम्झेर परोपकारको भावनाले भए पनि यिनलाई पालन पोषण गर्नुपर्ने प्रेरणा पुष्पाजस्ता मनकारी व्यक्तिबाट अरुले पनि लिन सके यी यस्ता प्राणीले खान नपाई दुःखी बनेर भोकै खालीपेट बस्नुपर्ने थिएन कि !

# पत्रकार हुन परीक्षा : कतै दिनुपर्छ, कतै पर्दैन

**झापा, भदौ २१।** प्रेस काउन्सिल नेपालले भर्खरै तयार पारेको प्रतिवेदनले पत्रकार बन्नका लागि अनिवार्य रूपमा परीक्षा दिनुपर्ने व्यवस्था सिफारिस गरेपछि सो व्यवस्थाको समर्थन र विरोधमा सामाजिक सञ्जालमा व्यापक छलफल भएको छ ।

प्रतिवेदन बनाउने कार्यदलका सदस्यहरूले भने यस्तो व्यवस्था अरू देशहमा पनि रहेको भन्दै सो नियमनको बचाउ गरेका छन् । हामीले अरू देशमा पनि यस्तो व्यवस्था छ कि छैन भनेर विभिन्न देशका पत्रकारहरूलाई उनीहरू त्यस्ता नियमन छ कि छैन भनी सोध्यौं ।

दक्षिण एशियामा भारत, पाकिस्तान, बंगलादेश, श्रीलङ्का, भुटान कहीँ पनि पत्रकार हुनको लागि अनिवार्य रुपमा परीक्षा दिनुपर्ने व्यवस्था छैन । विगतमा भारतमा पनि पत्रकारहरूका लागि परीक्षा अनिवार्य गर्नुपर्ने कुराहरू उठे पनि त्यस्तो व्यवस्था लागू गरिएन । सन् २००७ मा त्यहाँको सर्वोच्च अदालतले सो अदालतबाट रिपोर्टिङ गर्न चाहिने प्रवेशपत्र प्राप्त गर्न पत्रकारले कानून पढेको हुनुपर्ने र ३.५ वर्ष वा सो भन्दा बढी पत्रकारिताको अनुभव हुनुपर्ने लगायतका नियम बनाएको थियो, जुन भर्खरै फेरबदल गरिएको थियो ।

त्यसैगरी अमेरिकामा पनि प्रेस पास प्राप्त गर्न अनिवार्य परीक्षाको व्यवस्था छैन । तर, प्रेस पास कसले पाउँछ भन्ने बारे गरिएको एक अध्ययन अनुसार अमेरिकामा प्रेस पास पाउन सजिलो चाहिँ छैन ।

बेलायतमा पत्रकारिता पेशा अपनाउन परीक्षामा दिनुपर्ने चलन छैन । त्यहाँस्थित नेशनल काउन्सिल फर द ट्रेनिङ अफ जर्नालिस्टसबाट प्रशिक्षण लिएका पत्रकारलाई केही सञ्चारगृहले प्राथमिकता दिए पनि सो संस्थाबाट प्रशिक्षण लिनैपर्छ भन्ने छैन ।

इटलीमा भने पत्रकार (प्रोफेशनल जर्नलिस्ट) हुन, पहिले १८ महिनाको इन्टर्नसीप गर्नुपर्छ । त्सपछि लिखित र मौखिक परीक्षामा पास भएपछि मात्र अर्डर अफ जर्नलिस्टसको सदस्यता पाएर व्यवसायिक पत्रकारका रूपमा काम गर्न पाइन्छ । इटलीमा आर्थिक मन्दि बढेसँगै यो लामो र झन्झटिलो प्रक्रिया धेरैं समाचारकक्षमा अनिवार्य रूपमा लागू भएको छैन ।

इक्वेडरमा भने परम्परागत मिडियामा (अनलाइन बाहेक) पत्रकार हुनका लागि अनिवार्य परीक्षा नचाहिए पनि, पत्रकारिता पढेको चाहिँ हुनुपर्छ । साउथ अफ्रिका, सिंगापुर, मलेसियामा पनि पत्रकारहरूका लागि अनिवार्य परीक्षाको व्यवस्था छैन ।


Al Jaber COIN SECURITY

Al Jaber Coin Security Company

**UAE मा PSBD SECURITY GUARD हरुलाई रोजगार**

पूर्वस्वीकृत मिति: [illegible] चलानी नं. [illegible] लट नं. [illegible]

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 100 | SLC | 2000 | ५९,१२४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Basic Salary AED 2000 र Compulsory Overtime Allowance AED 770 सहित AED 2770 (रू. ८८,५०५) भन्दा माथी कमाउन सकिनेछ ।

Approval Ready भएको हुनाले महिना दिन भित्र उडि सक्नु पर्नेछ ।

Security Guard को हकमा उमेर : 21 देखि 40 बर्ष, उचाई : 5.7 भन्दा माथि हुनुपर्नेछ । अंग्रेजी बोल्न, लेख्न र पढ्न सक्ने साथै अनुभव भएकालाई विशेष प्राथमिकता ।

यसको फाइनल अन्तरवार्ता यही भदौ २४ गते मंगलवार यसै कार्यालयमा हुनेछ ।

Gov. Lic. No.: 984/067/068

SAB International Human Resource Pvt. Ltd.

बसुन्धरा, काठमाडौं (९८५१०१४५७२, ९८४२७७७५३९, ९८०१४५२३५१, ९८१३८२८९८९, ९८०२०२८९८९)


# हिरो नं. १ लाई पिजी सर्टिफिकेट




नायक जय किशन बस्नेतको लेखन, निर्माण, निर्देशन तथा प्रमुख भूमिका रहेको चलचित्र हिरो नं. १ सेन्सर पास भएको छ । केन्द्रीय चलचित्र जाँच समितिबाट सेन्सर पास भएको यस चलचित्रले पिजी सर्टिफिकेट पाएको छ ।

जय किशन बस्नेत फिल्मस् प्रालिको ब्यानरमा निर्माण भएको यस चलचित्रमा जयकिशन बस्नेतको साथमा जाहान्वी बस्नेत, संघरत्न महर्जन, शोभित बस्नेत, लय संग्रौला, टार्जन लगायतका कलाकारहरूको मुख्य भूमिका रहेको छ । ताराबीर पाण्डे, हरि थापा र सूर्य रूम्बाको संगीत, शंकर महर्जनको द्वन्द्व, बिनोद सापकोटाको छायांकन र सुदिप पाण्डेयको सम्पादन रहेको छ ।

मदन ताम्राकार कार्यकारी निर्माता र बिक्रम माङ्मु एवम् बिशाल गुप्ता सहनिर्माता रहेको यो चलचित्र हिरो नं. १ यही आउँदो भाद्र २७ गतेदेखि देशव्यापी प्रर्दशनमा आउन लागेको छ । निर्माण क्रममा नै व्यापक चर्चा भएको यो चलचित्रलाई विशेष तरिकाले हेरिएको छ ।

यसभन्दा अगाडि सार्वजनिक भएका गीत र ट्रेलर एवम् अन्य प्रचार सामग्रीमा दर्शकले दिएको सकारात्मक प्रतिक्रियाबाट पनि नायक एवम् निर्देशक जयकिशन बस्नेत हिरो नं. १ सफल हुनेमा उत्साही देखिन्छन् ।


**UAE मा महिला तथा पुरुषहरूलाई रोजगारीको अवसर**

FREE VISA !! FREE TICKET !! FREE VISA !! FREE TICKET

VISA WITH IN 15 DAYS

UAE मा रोजगारको अवसर

Transguard Group LLC

पूर्व स्वीकृति मिति : [illegible] चलानी नं.: [illegible] LT. No: 214650

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष/महिला | योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | [illegible] | 1920 | ५९,८३० | क.नि.अ. | ८ घण्टा | ६ दिन | क.नि.अ. | छ | छ | २ वर्ष |
| 2 | Housekeeping | 50 | | 900 | २५,२८५।- | | | | | | | |
| 3 | Waiter | 50 | | 1000 | ३१,२८५। | | | | | | | |
| 4 | Kitchen Stayward | 50 | | 900 | २५,२८५।- | | | | | | | |
| 5 | Custodian PSCOD | 50 | | 2000 | ६२,४४६।- | | | | | | | |
| 6 | General Assistant EKFC | 50 | | 900 | २५,२८५।- | | | | | | | |
| 7 | Aviation Loader / Porter | 50 | | 1025 | ३२,३९७।- | | | | | | | |
| 8 | Aircraft Cleaner/ General Cleaner | 50 | | 950 | २८,९४१। | | | | | | | |
| 9 | Public Area Cleaner | 50 | | 800 | २४,२८५।- | | | | | | | |

प्रि-अन्तरवार्ता: धमाधम भईरहेको छ । फाइनल अन्तरवार्ता सम्बधित कम्पनीको प्रतिनिधिबाट २०७६ भदौ २२ गते ( 8 th Aug 2019) Birtamode, Hotal Mokshya मा हुनेछ ।

नोट: Security Guard को Salary (AED 1920) भएता पनि Allowance र OT सहित १२ घण्टा २६ दिन को DPS को 2270 र PSBD को 2770 हुनेछ ।

mbm transport

Qatar मा रोजगारको अवसर

MUHAMAD BIN MISNAD TRANSPORT

पूर्व स्वीकृति मिति : [illegible] चलानी नं.: [illegible] LT. No: [illegible]

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाइम | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बिदा | खान सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Vehicle Driver | 30 | 00 | [illegible] | 1900 | ५९,५८८।- | क.नि.अ. | ८ घण्टा | ६ दिन | क.नि.अ. | छ | छ | २ वर्ष |
| २. | General Supervisor | 00 | 30 | [illegible] | 2500 | ७८,४०५।- | | | | | | | |

साथै यसै कम्पनीबाट ४० जना महिला Bus Attendend (Qr. 1500) मा र ४० जना नेपाली लाईसन्स भएका Light Driver (Qr. 1400) हरूको माग भई आएकाले जान चाहने इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

[illegible] प्रा. लि.

सम्पर्क नं: ९८०३६७२२९४, ९८०३५७२२९४, ९८१७९२०२०६, ९८०३४७२२९४, ९८०२०७२२९४, ९८०३०७२२९४

**UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरुषको आवश्यकता**

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI

पूर्व स्वीकृति मिति : २०७६/03/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६0, 000 | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/0६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877

पुन : पूर्व स्वीकृति मिति : २०७६/03/0९ चलानी नं. ३0६0

| कामदारको पद | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./ बार्षिक विदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६0, 000 | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरुषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ । कम्तीमा एसएलसी पास गरेको र राम्रोसंग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ । अर्न्तवार्तामा आउंदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउंनु पर्नेछ ।

APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट भदौ ३0 गते (16 Sept. 2019) मा होलिडे होम बिर्तामोड, झापामा हुनेछ ।

Lic No. 689/063/064

सन लाइट ह्युमन रिर्सोस प्रा.लि.

सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौ फोन ०१-४३८४८८

मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813